म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक ३४८ मंगलबार १० साउन २०७९ ने. सं. ११४२ दिल्लागा 26 July, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## करार अवधि थप गर्न माग





साझाकुरा संवाददाता

हेटौंडा, ९ साउन/ मकवानपुरगढी गाउँपालिकाले साउन १ गतेदेखि हटाएको कर्मचारीले आफ्नो करार अवधि थप गर्नका लागि माग गरेका छन् । गाउँपालिकाले म्याद थप नगरेका कर्मचारीहरुले सोमबार गाउँपालिकाका अध्यक्ष दोर्जे लामा स्याङ्तानलाई ज्ञापनपत्र बुझाउँदै म्याद थप गर्न माग गरेका हुन् ।

२०७४ सालदेखि गाउँपालिकाको विभिन्न शाखामा कार्यरत् रहेको भन्दै आफ्नो करारलाई निरन्तरता दिन उनीहरुले आग्रह गरेका छन् ।

पालिकाका कार्यरत् कर्मचारीलाई हटाएर फेरि नियुक्त गर्दा काममा समेत असर गर्ने भएकाले कार्यरत् कर्मचारीहरुको करार थप गर्न आग्रह गरिएको उनीहरुको भनाइ छ ।

# झण्डै ७० वर्षअघि यसरी बोकेर उपत्यका पुर्‍याइन्थ्यो गाडी



हेटौंडा, ९ साउन (रासस)/ झण्डै ७१-७२ वर्षअघि नेपालको भूगर्भीय अध्ययन गर्न भूगर्भशास्त्री टोनी हेगन चुरियामाई सुरुङहुँदै भीमफेदीसम्म सानो गाडीमा आए । त्यहाँबाट आफू हिँडे । उनको गाडी भरियाहरुले बोके । गाडीका चारवटै पांग्रा खोलेर नोल लगाएर गाडी बोकेको देखेर उनी दंग परे ।

उनी भीमफेदीबाट प्राकृतिक दृश्यहरुको अवलोकन गर्दै चित्लाङ चन्द्रागिरीहुँदै भोलिपल्ट काठमाडौं पुगे । तर, उनले भरियालाई बोक्न लगाएर छोडेको गाडी काठमाडौं आइपुग्न १४ दिन लाग्यो । उनको मात्र हैन प्राय: भीमफेदीबाट बोकाएर गाडी काठमाडौं पुर्‍याउन सातदेखि १६ दिनसम्म लाग्थ्यो ।

मकवानपुरमा लामो समयदेखि पत्रकारिता गरेका वरिष्ठ पत्रकार प्रताप विष्टले आफ्नो पुस्तक 'छेलिएका अनुहार' मा उल्लेख भएको प्रसंग हो यो । यो पुस्तक केही दिनअघिमात्रै हेटौंडामा विमोचन गरिएको हो । पुस्तकमा गाडि बोक्नेहरुको कथा र सिमान्तकृत चेपाङ तथा लोपन्मुख जाती वनकरियाहरुको कथा समेटिएको छ ।

नेपालका हरेक भूभागलाई राम्रोसँग बुझेका स्वीटजरल्याण्डमा नागरिक टोनी हेगनले सन् २००४ मा लेखेको 'द हिमालयन किङडम अफ नेपाल' नामक पुस्तकमा सुरुङ मार्गबारे स्पष्ट पार्दै भारतले समेत सुरुङ प्रविधि भित्र्याउन नसकेको बेला नेपाल सफल भएकामा खुशी व्यक्त गरिएको छ ।

वि.सं. २०१३ सम्म नेपालमा मान्छेहरुले गाडी बोक्ने गर्थे । झण्डै ३५ वर्ष नेपालमा गाडीलाई नल कसेर बोक्ने चलन कायम रह्यो । नेपालमा १९७८ सालमा पहिलो गाडी भित्रिएको बताइन्छ । बेलायती राजकुमार नेपाल आउँदा उनले पहिलोपटक गाडी ल्याएको इतिहासकारहरु बताउँछन् । त्यसपछि राणा प्रधानमन्त्री चन्द्रशम्शेरले आफ्ना लागि र राजाका लागि गाडी झिकाएको इतिहासमा उल्लेख छ । त्यो समयमा एउटा सानो गीतको अंश नै बनेको थियो, 'हाम्रा राजा क्या अक्कल धारी, ल्याए मोटर चुरेलाई भ्वाङ पारी' ।

नेपालका पहिलो वैज्ञानिक जनरल गेहेन्द्र शम्शेरले जापानबाट गाडी मगाएर नेपालमै त्यसको पुन:निर्माण र स्तरीकरण गरेको पढ्न पाइन्छ । राजा महाराजा तथा राणाहरुले क्रमश: नेपालमा गाडीहरु भित्र्याएका थिए ।

विदेशबाट नेपालको वीरगञ्ज, हेटौंडाहुँदै भीमफेदीसम्म मोटरबाटो बाटै गाडी लगिन्थ्यो भने भीमफेदीदेखि काठमाडौंसम्म सडक नबनेका कारण मान्छेहरुले नै बोकेर उपत्यका पुर्‍याउनुपर्थ्यो । त्यस्ता गाडीहरु बोक्न मकवानपुरका बलिया युवाहरुलाई प्रयोग गरिन्थ्यो ।

गाडी बोक्नेहरुमध्ये कतिले त दुई छाक भातको भरमा पसिना बगाएको र कतिले भने गाडी बोकेरै प्रशस्त जग्गाजमिन समेत जोडेको उनीहरुको जीवनीबाट थाहा पाउन सकिन्छ ।

लामो समय गाडी बोकेर जीवनयापन गर्नेहरुका बारेमा खोजेर मकवानपुरका पत्रकार विष्टले पुस्तक तयार पारेका छन् । मकवानपुरमा मात्र पाइने नेपालको सबैभन्दा कम जनसंख्या भएको वनकरिया जाति, सीमान्तकृत चेपाङ जातिसहित गाडी बोकेर जीविकोपार्जन गर्नेहरुको बारेमा समेटेर लेखिएको पुस्तकमा विष्टले उनीहरुको नालीबेली नै प्रस्तुत गरेका छन् । अब गाडी बोकेको अनुभव सुनाउने कोही पनि बाँकी नरहे पनि पत्रकार विष्टले आफूले फेला पारेका चार जना भरियाको अनुभवलाई चीरकालसम्म पढ्न सकिने गरी सो पुस्तकमा समावेश गरेका छन् ।

वर्षहरु बित्दै गए, त्यस्ता कथा सुनाउने पात्रहरु पनि सकिए । पहिले गाडी बोकेर काठमाडौं पुर्‍याइन्थ्यो भन्ने सुनेपछि २०६८ सालदेखि गाडी बोक्नेहरुको खोजी सुरु गरिएको थियो । त्यसरी खोज गर्ने क्रममा जीवितरुपमा चार जना भेटिएका थिए । उहिले गाडी बोकेका फाखेलका हिरामान बलामी, चित्लाङका धनबहादुर गोले, पुरन्डीका जुक्तबहादुर वाइबा, पुरन्डीकै हिराबहादुर घलानलगायत अब सबैको निधन भइसकेको छ । विष्टका अनुसार गाडी बोक्नेहरुमध्ये अन्तिम साक्षीको रुपमा रहेका जुक्तबहादुर वाइबाको ९३ वर्षको उमेरमा २०७५ माघ २८ गते निधन भइसकेको छ । उनलाई माघ १० गते दमले चापेर काठमाडौं लगिएको र केही कम भएपछि घर ल्याइएकामा घर पुगेको तीन दिनमै मृत्यु भएको थियो ।

उनको पुस्तकमा उल्लेख भएअनुसार त्यतिबेला गाडी बोक्न पाँच फिटभन्दा बढी अग्लो हुनुपर्थ्यो । गाडी बोक्न गाडीको आकार अनुसार १६ जना, ३२ जना र ४८ जनासम्म प्रयोग हुन्थे । त्यतिखेर ३२, ६४ र ९६ मोडलका गाडी चलनचल्तीमा थिए । बत्तीस मोडलको गाडी बोक्न दुईतिर आठ-आठ जना, ६४ को बोक्न १६-१६ जना, ९६ को बोक्न २४-२४ मानिस चाहिन्थ्यो । गाडीमा लामालामा नोल बाँधेर चार कुनामा काँध हालेर तन्नेरीहरुले 'जोडगर हैंसा, भनभन भाइ हो देउसिरे' भन्दै रमाइलो गर्दै गाडी बोक्ने गरिएको त्यतिखेर गाडी बोक्नेहरुले विष्टलाई सुनाएको उल्लेख छ ।

भीमफेदी, कुलेखानी, मार्खु, चित्लाङ, चन्द्रागिरीहुँदै काठमाडौं गाडी बोकेर पुर्‍याउँदा सात दिनदेखि १६ दिनसम्म लाग्ने गर्थ्यो । गाडी बोकेवापत प्रतिव्यक्तिले बढीमा ५ आनासम्म जमिन पाउँथे । भरियाहरुले भीमफेदी, कुलेखानी, चित्लाङ, थानकोटहुँदै काठमाडौंसम्म गाडी पुर्‍याउनुपर्थ्यो । गाडी बोक्ने र पैदल आवतजावत गर्नेहरुका लागि बाटो बाटोमा स-साना दोकानहरु थिए । ती दोकानहरुमा मकै र कोदोको जाँड तथा ढिँडो खान पाइन्थ्यो । पैदल हिँड्ने बाटोभन्दा गाडी बोकाएर लाने बाटो भिन्नाभिन्नै हुन्थ्यो । गाडी बोक्न अलि फराकिलो बाटो चाहिन्थ्यो । त्यतिखेर गाडी बोक्न प्रयोग हुने बाटो अहिले पनि देख्न सकिन्छ ।

विष्टले पुस्तकमा तत्कालीन अवस्थामा जीवित रहेका तर, हाल मृत्यु भइसकेका थुप्रै व्यक्तिसँगको कुराकानीमा आधारित भनाइहरु प्रस्तुत गरेका छन् । गाडी बोक्नेको समाजमा अलग्गै प्रतिष्ठा रहने गरेको विष्टको पुस्तकबाट थाहा हुन्छ । वि.सं. २०१३ सम्म गाडी बोक्ने काम गरेका कुलेखानीका हिरामान बलामी गाडी बोक्ने भएरै धेरैका नजर परेका रहेछन् । गाडी बोकेको देखेर नै मनकुमारी बलामीले हिरामानसँग हत्ते गरेर विवाह गरेकी रहिछन् । हिरामानले मनकुमारी सहित तीन जनासँग विवाह गरेका रहेछन् । गाडी बोके पनि हिरामानले गाडी चढेका रहेनछन् ।

गाडी बोक्न छाडेदेखि काठमाडौं नगएका हिरामानको केहीवर्ष अघि निधन भइसकेको छ । गाडी बोक्नेहरु विशेषगरी भीमफेदी, मार्खु, तसर, कुलेखानी र चित्लाङ क्षेत्रका हुन्थे । गाउँका अग्ला र बलिया युवा देखेपछि नाइकेहरुले गाडी बोक्न लैजान्थे । गाडी बोक्ने काम पाएका युवकहरुसँग केटीहरु पनि विवाह गर्न हुरुक्क हुन्थे रे । लामो समय गाडी बोक्ने काम गरेका हिराबहादुर घलानलाई उदृत गर्दै विष्टले लेखेका छन्, 'गाडी बोक्नुभन्दा अघि मेरो विवाह भएको थिएन । गाडी बोक्न थालेपछि गाउँमा केटीहरुले मसँग विवाह गर्न तँछाडमछाड गरे । तर, मैले एउटामात्र बिहे गरेँ, अरुले त २-३ वटी नै गरे ।,' गाडी बोक्ने भरियाले केहीले सुरुवाल केहीले कट्टु त केहीले लँगौटी लगाउँथे । उनीहरु सबैले खुट्टामा भने परालको चप्पल लगाउँथे । एकपटक काठमाडौंसम्म पुग्दा भरियाहरुको चार जोरसम्म चप्पल फाट्थ्यो । चप्पल फाटेपछि राति बास बस्ने ठाउँमा आफै परालको चप्पल बुन्थे ।

विष्टका अनुसार त्यसबेला गाडी बोक्ने भरियाहरुका कथा चाखलाग्दा छन् । लाहुरे बाहरुले सुनाउने लडाइँका कहानी जस्तै । तर, वर्षहरु बित्दै गए, त्यस्ता कथा सुनाउने पात्रहरु पनि सकिए । उहिले गाडी बोकेका फाखेलका हिरामान बलामी, चित्लाङका धनबहादुर गोले, पुरन्डीका जुक्तबहादुर वाइबा, पुरन्डीकै हीराबहादुर घलानलगायत सबैको निधन भइसकेको छ ।

**एसियाकै पहिलो सुरुङ मार्गबाट ल्याइन्थ्यो गाडी**

सुन्दा रोचक र अपत्यारिलो लाग्नसक्छ । तर, यो कुरा सत्य हो, नेपालमा आजभन्दा १०६ वर्ष अगाडि सुरुङमार्ग बनेको थियो र त्यस सुरुङमार्गबाट गाडीहरु गुडाएर हेटौंडा प्रवेश गराइन्थ्यो । ती गाडी मोटरबाटो हुँदै भीमफेदीसम्म पुग्थे । हालको बागमती प्रदेशको राजधानी हेटौंडा र मधेश प्रदेशलाई जोड्न १९७४ सालमा नेपालमा सुरुङ निर्माण गरिएको थियो । दक्षिण एसियाकै पहिलो मानव निर्मित सुरुङलाई चुरियामाई सुरुङ भन्ने गरिन्छ । राजा त्रिभुवन तथा प्रधानमन्त्री श्री ३ चन्द्रशम्शेरको पालामा नेपाली सेनाका इन्जिनीयर डिल्लीजंग थापाको डिजाइन र प्रयत्नमा नेपाली प्रविधिको प्रयोग गरेर खनिएको थियो । करिब ५०० मिटर रहेको सुरुङको एकापट्टिको भाग पुरिएपछि हाल मार्गको करिब २८० मिटरमात्र बाँकी रहेको छ ।

तत्कालीन समयमा चुरेको पहाड छेडेर तराईलाई काठमाडौंसम्म जोड्नु महत्वपूर्ण थियो । वि.सं. १९७४ मा बाराको अमलेखगञ्जलाई मकवानपुरको पुरानो सदरमुकाम ऐतिहासिक स्थल भीमफेदीसँग जोड्ने सडक बनाउने बेला तराईबाट काठमाडौं सवारी आवागमनका निम्ति निर्मित उक्त सुरुङले त्यो समयमा जनजीवन सामान्य बनाएको अड्कल काट्न सकिन्छ ।

भीमफेदीबाट काठमाडौं जाने मोटरबाटो नभए पनि साना गाडी राजा तथा राणाहरुले बोकाएरै काठमाडौं लैजान लगाउने गरेका थिए । अमलेखगञ्ज-भीमफेदी मार्गको बारा र मकवानपुरको सिमाना चुरे खण्डमा भने मोटर उक्लन निक्कै गाह्रो थियो । ठाडो उकालो भएका कारण मोटर उक्लन नसक्ने र उक्लिहाले पनि सामान धेरै लैजान नसक्ने भएपछि तत्कालीन सरकारले विकल्पमा त्यहाँ सुरुङ खनेको थियो ।

पहाड खोपेर बनाइएको सुरुङमा चुनासुर्की प्रयोग गरिएको छ । सुरुङमार्गको दुवैतर्फका भित्तामा लहरैसँग ढुंगाहरु राखिएका छन्, खोपाहरु कुँदिएका छन् ।

हाल पुन:निर्माणको क्रममा रहेको सुरुङमार्ग पुन: निर्माणपछि सर्वसाधारणलाई अवलोकनका लागि समेत खुला गरिने जनाइएको छ । प्रजातन्त्र पुन: स्थापनापछि त्रिभुवन राजपथ बन्यो, ठूलाठूला सवारी साधनहरु भित्रिए, त्यो सुरुङ सानो भयो ।

त्यसक्रममा सुरुङमार्गको छेउको एक खण्डमा विष्फोट गराएर भत्काइयो र त्यहीँ सडक बनाइयो, सुरुङको आधा भाग नष्ट भयो । सडकछेउमा देखिएका सुरुङको मुख थुनियो ।

बारा जिल्ला तर्फबाट मन्दिरनजिक सुरुङको मुख्य भाग भने सग्लै रहेको थियो । त्यो समयमा बाराको अमलेखगन्जसम्म रेल चल्ने गरेको पूर्व मुख्यमन्त्री डोरमणि पौडेल स्मरण गर्छन् । रेल पछिसम्म चले पनि सुरुङमार्ग भने बन्द भयो ।

# मेयर लामाको सम्पत्ति १५ तोला सुनदेखि बैंक मौज्दात २० हजारसम्म

साझाकुरा संवाददाता



हेटौंडा, ९ साउन/ हेटौंडा उपमहानगरकी मेयर मिनाकुमारी लामाले आफ्नो सम्पति विवरण सार्वजनिक गरेकी छन् । उनले ६० हजार रुपैयाँ बराबरको बैंक मौज्दातदेखि ४० लाख रुपैयाँ ऋणसम्मको सम्पति देखाएकी हुन् ।

जनप्रतिनिधिमा निर्वाचन भएको ६० दिनभित्र सम्पत्ति विवरण पेश गर्नुपर्ने कानुनी व्यवस्था छ । लामा ३० वैशाखमा भएको स्थानीय तह निर्वाचनमा गठबन्धनको तर्फबाट हेटौंडाको पहिलो महिला मेयरका रुपमा बिजयी भएकी थिइन् । उनले सोमबार निर्वाचित भएको ६० दिनको नजिक रहेर सम्पति विवरण सार्वजनिक गरेकी हुन् ।

निर्वाचित जनप्रतिनिधिले पदधारण गरेको ६० दिनभित्र आफ्नो र आफ्नो परिवारको सदस्यको नाममा रहेको चल-अचल सम्पत्ति विवरण बुझाउनुपर्ने व्यवस्था कानुनले गरेको छ । लामाले सोहीअनुसार आफ्नो, श्रीमान, ससुरा, सासु र छोराको नाममा रहेको सम्पति सार्वजनिक गरेकी हुन् ।

मेयर लामाले विद्यार्थी कालमै एक गैरसरकारी संस्थामा काम गरेकी थिइन् । त्यसपश्चात् मेयर लामा पूर्णकालीन राजनीतिमा लागेकी हुन् । उनले सम्पति विवरणमा जनप्रतिनिधिबाहेक अन्य कुनै कारोबारमा संलग्न नभएको खुलाएकी छन् । हेटौंडा-१ चाइनाक्वाटर निवासी लामाले आफूसँग १५ तोला सुन र २० तोला चाँदी रहेको उल्लेख गरेकी छन् । पारिश्रमिक वापत पाएको ४० हजार रुपैयाँ कृषि विकास बैंक लिमिटेड हेटौंडा शाखामा रहेको लामाले जनाएकी छन् । उनले पारिश्रमिक बाहेक २० हजार बैंक मौज्दात रहेको उल्लेख गरेकी हुन् ।

-बाँकी अन्तिम पृष्ठमा...

हार्दिक बधाई



यस दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका संस्थापक शेयर सदस्य तथा सल्लाहकार **श्री आनन्दराम पराजुलीज्यू** हेटौंडा क्याम्पस व्यवस्थापन समितिको गरिमामय अध्यक्ष पदमा निर्विरोध निर्वाचित हुनुभएकोमा हार्दिक बधाईसहित कार्यकाल पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

डा.गणेश बल लामा (अध्यक्ष) एवम्
**दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
हेटौंडा-२, पल्पसा रोड

कर्मचारी आवश्यकता T.V.S शोरूम

यस हेटौंडा अटो मार्ट प्रालिका लागि कर्मचारी आवश्यकता भएकोले इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

Accountant: 1
Store keeper: 1

सम्पर्क फोन:
०५७-५९०४४६, ९८४५४५७०५१
सितल महलचोक-४



सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरू:
- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# प्रदेश संरचना खारेजको माग
# देशमा अस्थीरता ल्याउने खेल

नेपालको राजनीतिमा विभिन्न समयमा फरक फरक खालका परिवर्तनहरु भएका छन् । वि.सं. २००७, २०१७, २०३६, २०४६ साल हुदै वि.सं. २०६२/०६३ सालमा महत्वपूर्ण राजनीतिक घटनाक्रमहरु भए । ती घटनाहरुबाट देशको व्यवस्था फर्ने नाममा हजारौं जनता शहीद भइसकेका छन् । सबै आन्दोलन जनताको अधिकार स्थापित गराउने दिशामा केन्द्रित थियो । जनअधिकार कुण्ठित पार्नेबिरुद्ध देशमा लोकतान्त्रिक शासन व्यवस्था लागू गरेर जनताको अधिकार स्थापित गर्नेहरु धेरैपटक लडेको इतिहास छ । पछिल्लो समयको आन्दोलनबाट नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक बनेको छ ।

देशमा केन्द्रीय सरकार र स्थानीय निकायमात्र रहँदा विकासको कामले तीव्रता लिन नसकेको महसुस गर्दै लामो समयको अध्ययन, अनुसन्धान र विभिन्न मुलुकहरुमा भएका अभ्यासलाई दृष्टिगत गरेर नेपालमा संघीय व्यवस्थामा प्रदेश संरचना कायम गरिएको छ । संघीयतासंगै संघ, प्रदेश र स्थानीय तहको तीन सरकार अहिले सक्रिय रहेको छ । तीनै तहबीचको साझा अधिकार र एकल अधिकार कायम गरेर जनताको विकासको कामलाई सहजीकरण गर्ने काम संघीयताले गरेको छ । वि.सं. २०७२ सालमा नयाँ संविधान जारी भएसंगै २०७४ सालमा सोही संविधानमा टेकेर तीन तहको सरकार निर्वाचित भएर गठन भएको छ । तीन तहको सरकार बनेर काम सुरु गरेको पाँच वर्ष पूरा हुँदैछ । नयाँ व्यवस्था लागू भएसँगै विकास निर्माण र अन्य कामले गति लिने क्रममा छ । तर, पछिल्लो समय संघीयता खारेजीको माग, प्रदेश संरचना खारेजीको माग यदाकदा उठ्न थालेको छ । प्रदेशकै सांसद्हरु प्रदेश खारेजीको माग उठाइरहेका छन् । यो नेपाली राजनीतिको लागि अत्यन्तै दु:खद् पक्ष हो ।

जनताले आन्दोलन गरेर ल्याएको व्यवस्थामा जनताबाटै निर्वाचित जनप्रतिनिधिहरु सरकारमा पुगेका छन् । तर, यति छोटो समयमै जनतामाझ गतिलो काम गरेर देखाउन नसकेर संरचनालाई दोष दिएर उम्किने जुन प्रयास भइरहेको छ, त्यो क्षम्य विषय नै होइन । अर्कोतर्फ देशमा अराजकता फैल्याउन चाहने, राजनीतिक अस्थीरता कायम गरेर अनैतिक फाइदा उठाउन चाहने र देशलाई प्रतिगमनतर्फ धकेल्ने ठूलो षड्यन्त्रका साथ यी आवाजहरु उठ्न थालेको सहजै अनुमान गर्न सकिन्छ । त्यसैले देशमा राजनीतिक स्थायित्व कायम गर्दै सम्बृद्धिको अभियानमा अघि बढ्न संघीय लोकतान्त्रिक गणतन्त्रलाई थप मजबुद बनाउँदै जनचाहनाअनुरुप काम गर्न अब पछि हट्नु किमार्थ हुँदैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक
साझाकुरा

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ साउन ११ गते बुधबार २७ जुलाई २०२२ । श्रावण कृष्णपक्ष चतुर्दशी । दिल्लागा ११४२ । सूर्योदय: ५:२५, सूर्यास्त: ६:५४ मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : सामाजिक प्रतिष्ठा बढ्नेछ | तुला | : आर्थिक लाभ मिल्नेछ |
| वृष | : सानातिना अवरोध आइरहनेछ | वृश्चिक | : मनलाई नियन्त्रण गर्नुपर्नेछ |
| मिथुन | : मित्रसंग विवाद हुनसक्नेछ | धनु | : आफन्तको सहयोग मिल्नेछ |
| कर्कट | : भेटघाटमा समय बित्नेछ | मकर | : यात्राको लागि राम्रो समय छ |
| सिंह | : सम्पत्तिको खचपच हुनेछ | कुम्भ | : सोचेजस्तो सहयोग मिल्नेछैन |
| कन्या | : सुखभोगको समय रहेकोछ | मीन | : समय पूजापाठमा बित्नेछ |

# न्याय, न्यायाधीश र न्यायपालिका



हेमन्त रावल

निष्पक्षता, निर्भीकता र स्वतन्त्रतासँग न्यायको विश्वसनियता अभिन्न रुपमा जोडिएको हुन्छ । न्यायको विश्वसनियताका यी आधारहरुलाई जोगाउन न्यायाधीशको व्यक्तिगत तत्परता र न्यायपालिकाको अनवरत संस्थागत प्रयत्न त चाहिन्छ नै साथै सम्बद्ध अरु निकाय र सिंगो समाजको दायित्व पनि उत्तिकै रहन्छ । न्यायिक स्वतन्त्रता न्यायाधीश र न्यायपालिकाको व्यक्तिगत/संस्थागत स्वतन्त्रता र सुरक्षाका लागि होइन ।

> एउटा असक्षम र अयोग्य व्यक्ति न्यायाशनमा कथंकदाचित बस्न पुग्यो भने उसले गर्ने न्यायको नामको अन्यायले सम्बद्ध नागरिकले लामो समयसम्म न्यायको यात्रामा प्रताडित भैरहनु पर्दछ ।

निष्पक्षता, निर्भीकता र न्यायप्रतिको उच्च निष्ठासहितको समर्पणभाव नभई व्यक्तिमा भएको केवल कानुनको कोरा अध्ययन र शैक्षिक उच्च उपाधिले मात्र न्यायको उच्चतम् मर्मबोध र न्याय प्रवाहको सुनिश्चितता हुन सक्दैन ।

न्यायाशनामा बसेको व्यक्ति अध्ययनमा अब्बल छ तर आचरणमा खराब, आचरणमा असल छ, तर क्षमता र दक्षतामा औशत भन्दा तल छ । क्षमता, अध्ययन र आचरणमा उन्नत छ, तर सामयिक परिस्थितीलाई कानुन अनुकूलको साइजमा राख्न सक्ने स्वभावको सर्वथा अभाव छ र विषय केन्द्रित प्रवृत्तिमा लिप्त छ भने पनि न्यायको नतिजा सुखद् हुन सक्दैन ।

त्यसैले हरेक विवाद भित्र संवाद खोज्ने, समस्या भित्र समाधान देख्ने र शुक्ष्म विश्लेषण गर्न सक्ने संयक सोच, स्पष्ट दृष्टिकोण अनि सदविवेक सहितको उन्नत चेतना भएको सात्विक व्यक्ति नै न्यायाशनका लागी योग्य र उपयुक्त मानिन्छ । त्यस्ता सुयोग्य व्यक्तिको विचार प्रवाह र कार्य सम्पादनबाट मात्र समग्र न्यायको रक्षा हुन सक्दछ भन्ने मान्यता रहेको हुन्छ ।

न्याय सम्पादनको कार्य कुनै गणितीय सूत्रवद्ध जुक्ति होइन । प्रविधिको सहयोगले निकालिने कुनै बाञ्छित् नतिजा मात्र पनि होइन । यो हरेक घटनाको फरक फरक सच्चाइको गुणात्मक्तामा नापिन्छ, सम्बन्धित पक्षको सन्तुष्टिको गहिराइमा खोजिन्छ र सत्यको निकटतामा पर्गेल्ने गरिन्छ ।

भिडले सत्य जान्दैन, तर भसडमा सत्य हराउनु पनि हुँदैन । भिडको मनोविज्ञान र न्यायको सारबीच कुनै तालमेल हुँदैन, तर जब भिडले सत्यको निर्क्यौल गर्ने गर्दछ तब सत्यको स्वत्व र सार (Gravity & Essence of Justice) पनि रहँदैन । न्यायाधीशले भिडको भारलाई पनि सहजै पन्छाउन सक्ने सामर्थ्यको विकाश गर्नु पर्दछ । कोही पनि व्यक्ति जन्मजात न्यायाधीश हुँदैन । समाजले नै न्यायाधीश जन्माउँछ र बनाउँछ । त्यसैले समाज भित्रको शिक्षा, संस्कार, व्यवहार आचरण, अवसर र अभ्यासको परावर्तन नै असल न्यायाधीशको वैयक्तिक र चारित्रिक आधार हो । यसलाई समाजको स्थिर पुँजीको रुपमा समाजले नै जोगाइ रहनु पर्दछ ।

एउटा असक्षम र अयोग्य व्यक्ति न्यायाशनमा कथंकदाचित बस्न पुग्यो भने उसले गर्ने न्यायको नामको अन्यायले सम्बद्ध नागरिक्ले लामो समयसम्म न्यायको यात्रामा प्रताडित भैरहनु पर्दछ । न्यायाधीशले गर्ने गल्ति सच्याउँनै नसकिने हुन्छ र सच्याउँदा पनि खर्चिलो र झन्झटिलो हुन्छ । झन्झेटिलो प्रकृयाको उल्झनमा पर्न सक्ने नागरिकको जोखिमको अवस्थालाई न्यायाधीशको नियुक्तिकर्ताले अत्यन्त सावधानी अपनाउनु पर्दछ । त्यसैले न्यायाधीशको नियुक्तिमा धेरै जनाको सहभागिता भन्दा पनि धेरै तहको परीक्षण (Scrutinize) विधिहरु अबलम्बन गर्ने गरिन्छ ।

त्यसो त विश्वका कतिपय विकसित देशहरुमा न्यायाधीशहरु जनताबाट निर्वाचित हुने पनि गर्दछन् । ति व्यक्ति कानुनका विज्ञ नभए पनि न्यायका मर्मज्ञ साबित भएका छन् । कतिपय देशहरुमा न्यायाधीशहरु देशको कार्यकारिणीबाट नियुक्त हुने र त्यस्तो नियुक्ति विधायिकाबाट अनुमोदित हुने गर्दछन् । त्यस्ता नियुक्तिहरुका कामकारबाहीहरुमा विधायिकी प्रभाव पर्ने गरेको देखिँदैन । त्यसो नहुनुको पछाडि न्यायाधीश नियुक्त हुने व्यक्तिको व्यक्तिगत Integrety, Intelectuality र विधायिकाको अहस्तक्षेपकारी नीति र चरित्र नै प्रमुख रहेको पाइन्छ ।

केही अन्य देशहरुमा सरकारबाटै सिधै न्यायाधीशहरु नियुक्त हुने गर्दछन् र उनीहरुले सरकार निर्देशन बमोजिमको न्याय गर्ने गर्दछन् किनकि ति देशहरुको सन्दर्भमा न्याय भनेकै जिम्मेवारीको निर्देशन हो । छिमेकी देश भारतमा न्यायाधीश र न्यायविद्हरुको कलेजियम प्रणालीबाट न्यायाधीश नियुक्तिको सिफारिस गर्ने गरिन्छ भने हाम्रो देशमा परिषद प्रणालीको अभ्याश निरन्तर छ । जे जुन प्रणालीबाट न्यायाधीशहरुको नियुक्त गरिएको भए पनि न्यायप्रति निष्ठावान् र समर्पित व्यक्तिको चयन भएको अवस्थामा मात्र नियुक्त व्यक्तिबाट सम्पादित न्याय कम विवादित हुने गरेको देख्न र सुन्न पाइन्छ । विकसित देशहरुमा न्यायाधीशलाई उनीहरुको कामको आधारमा मात्र मूल्यांकन गर्ने गरिन्छ । न्यायाधीशको नियुक्ति पश्चात् उसले गरेका आदेश वा निर्णयहरुको आधारमा मात्र उसको न्यायिक कार्यक्षमताको जाँच गर्ने गरिन्छ । त्यसैले उ समाजमा हिजो के कहा थियो वा अन्य कुन पेशा व्यवसायमा थियो भन्ने कुराले न्यायाधीश भइ सकेपछि खास केही अर्थ राख्दैन ।

न्यायाधीश भइसकेपछि उसले गर्ने आदेश वा निर्णयहरुको सार्वजनिक रुपमा न्यायिक सम्परीक्षण हुने हुँदा स्वतन्त्र पर्यबेक्षकको रुपमा रहेको आम नागरिकको आँखामा योग्य सावित हुन नसक्ने र निष्पक्षता स्थापित गर्न नसक्ने व्यक्ति न्यायाशनमा बस्नै सक्दैन । त्यसैले जिम्मेवारीमा बस्ने व्यक्ति स्वयंले आफ्नो सान्दर्भिकता, उपयुक्तता र औचित्य स्थापित गर्न सक्नु पर्दछ । तर पनि समाजले सधैं स्वच्छ छविका विवादरहित व्यक्तिहरू नै रोज्ने र खोज्ने हुँदा न्यायाधीशको नियुक्तिकर्ताले पनि कानुनको आवरणमा मात्र होइन समाजको अपेक्षा र यथार्थतालाई पनि ध्यान दिनु पर्दछ ।

स्वयं नियुक्तिकर्ता पनि स्वतन्त्र नागरिक पर्यवेक्षकको नजरमा खरो रुपमा उत्रनु पर्ने हुँदा उनीहरुको निरपेक्ष अपेक्षालाई नियुक्तिकर्ताले पनि स्वाभाविकताकै कसीमा उत्रिनु पर्दछ । ज्ञानयुक्त निर्भीकता र विवेकयुक्त स्वतन्त्रता भएन भने न्याययुक्त निष्पक्षता रहँदैन । निष्पक्षता, निर्भीकता र स्वतन्त्रतासँग न्यायको विश्वसनियता अभिन्न रुपमा जोडिएको हुन्छ । न्यायको विश्वसनियताका यी आधारहरुलाई जोगाउन न्यायाधीशको व्यक्तिगत तत्परता र न्यायपालिकाको अनवरत संस्थागत प्रयत्न त चाहिन्छ नै साथै सम्बद्ध अरु निकाय र सिंगो समाजको दायित्व पनि उत्तिकै रहन्छ । न्यायिक स्वतन्त्रता न्यायाधीश र न्यायपालिकाको व्यक्तिगत/संस्थागत स्वतन्त्रता र सुरक्षाका लागि होइन । यो त नागरिकको बृहत्तर स्वतन्त्रतताको रक्षाका लागि हो । नागरिकको बृहत्तर स्वतन्त्रता रक्षाका लागि रक्षाकवचको रुपमा रहेको न्यायपालिकाको संस्थागत संवैधानिक स्वतन्त्रता र न्यायाधीशको कार्यगत स्वतन्त्रतालाई न्यायाधीशको निजी स्वतन्त्रता र स्वच्छन्द व्हारको रुपमा प्रयोग गरियो भने परिणाम दु:खद् हुने गर्दछ । न्यायाधीशले गर्ने न्यायको आधारमा नै न्यायपालिकाको स्थान सुरक्षित रहन्छ ।

आधुनिक समाजले दैविक/इश्वरीय जस्तो चमत्कारिक न्यायको अपेक्षा त राख्दैन होला, तर जे जति सामयिक अपेक्षा राख्दछ प्रचलित कानुनको अधिनमा रहेर त्यसको प्रभावकारी सम्बोधन गर्ने सामर्थ्य त न्यायपालिकाले राख्नै पर्दछ । त्यसको लागि न्यायाधीशको योज्ञता र क्षमतालाई समयानुकुल तिखार्ने/निखार्ने काम पनि स्वयं न्यायाधीशहरुको र न्यायपालिकाकै हो ।

न्यायाधीशहरुको क्षमता विकाशका लागि गरिने संस्थागत लगानीले पनि संस्थागत सुधारका लागि ठूलो महत्त्व राख्दछ । अत: न्यायिक स्वतन्त्रतालाई न्यायिक स्वच्छन्दताको रुपमा प्रयोग हुन नदिउँ । तर स्वतन्त्रतालाई अविश्वाशको अस्त्रले संकुचन पनि नगरौं! किनकि स्वतन्त्रता संकुचित भयो, निर्भीकता निरीह भयो र निष्पक्षता पक्षधरतामा परिणत भयो वा निर्णयहरु अनिर्णित अवस्थामा रहने भयो भने भोलि समाजमा आउन सक्ने सम्भावित अराजक विपत्तिको रक्षाकवचको रुपमा रहनु पर्ने न्यायपालिका निरीह भयो भने नागरिकको स्वतन्त्रता खतरामा पर्ने जोखिम रहन्छ ।

न्यायपालिकाको स्वतन्त्रता भित्र नै नागरिक स्वतन्त्रता, प्रेस स्वतन्त्रता र अन्य बिभिन्न पेशागत स्वतन्त्रताहरु सुरक्षित हुन सक्ने हुँदा स्वतन्त्रताको गम्भीरतालाई सबैले मनन गरौं । नागरिकलाई न्यायको भरपर्दो ओत दिन पनि सक्षम र स्वतन्त्र न्यायपालिका आवश्यक पर्दछ ।

त्यसैले न्यायालयको शुद्धीकरणका लागि थालिएका सुधारका प्रयासहरुलाई सुधार कै रुपमा बढी बुझौं र अन्यथा अर्थमा नहेरौं । सम्बद्ध सबैले आ-आफ्नो स्वतन्त्रतालाई मर्यादित र जिम्मेवार ढंगले आ-आफ्नो ठाउँबाट अभ्याश गरौं! न्यायलयका संवेदनशील कामकार बाहीहरुलाई संवेनशील भएर जिम्मेवार ढंगले न्यायिक मनका साथ हेर्ने गरौं! बुझ्ने गरौं र त्यसरी नै लेख्ने गरौं ।

यदि तलाउको पानी फोहर भयो भने तलाउ त सफा गर्नु पर्छ नै तलाउ वरिपरिको परिवेश पनि सँगसँगै सफा गरिनु पर्दछ । अन्यथा क्षणिक रुपमा तलाउ सफा जस्तो देखिए पनि तलाउ फोहर हुने क्रम बढी रहनेछ र तलाउको परिवेशमा फोहर गर्ने प्रवृत्तिहरु पनि बढी रहने छन् । सफेद समाजमै सफेद संस्थाहरु जन्मन्छन् हुर्कन्छन र ति संस्थाहरुले वाञ्छित परिणामहरु दिने गर्दछन् । *(रावल चितवन जिल्ला अदालतका न्यायाधीश हुन् ।)* -नेपाललाइभ

# नागरिकताले भविष्यमा मार्ने "छलाङ"



पेशल आचार्य

नागरिकता विधेयकमा फेरि सत्तापक्ष र प्रतिपक्षको मत गम्भीर रूपले बाझेको छ । सत्तारूढ दलले संसदीय समितिमा छलफलविना सो विधेयक संसद्मा पेस गरेको भन्ने आरोप प्रमुख प्रतिपक्ष दल नेकपा एमालेले लगाएको छ । त्यसो त नेपालमा नागरिकताको मुद्दा पञ्चायत कालदेखि नै राजनीतिक पार्टीहरूलाई सत्तामा जाने भऱ्याङ रहिआएको तथ्य जगजाहेर छ ।

अहिले पनि भारतीय इन्ट्रेस्टमा नागरिकता विधेयकमा हुनुपर्ने जति गहन र दूरगामी छलफल नगरीकन संसद्मा प्रवेश गराइयो भन्ने विपक्षी आरोपलाई सरकारले क्लियरेन्स दिन सकेन । यो विधेयक गत शुक्रबार बहुमतले संसद्मा पास भई कानुन बन्नेतर्फ अग्रसर भयो । नागरिकता कानुनका असरहरू तीनवटा हुनेछन् जसमा :

एक: 'जन्मका अधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तान बाबु र आमा दुवै नेपालको नागरिक रहेको अवस्थामा १६ वर्ष उमेर पुगेका सन्तानलाई वंशजका आधारमा नागरिकता दिने' व्यवस्था छ । यस विषयमा सबै दलबीच सहमति छ । ३ असोज २०७२ भन्दाअघि जन्मेका आधारमा नेपालको नागरिकता प्राप्त गरेका व्यक्तिका सन्तानको हकमा यो प्रावधान लागू हुने विधेयकमा छ ।

दुई: नेपाली आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिलाई वंशजका आधारमा नेपालको नागरिकता दिने उल्लेख छ । यसका लागि निवेदकले स्वघोषणा गर्नुपर्ने हुन्छ र यसरी नागरिकता लिँदा कसैले झुटो विवरण पेस गरेको पाइएमा उसलाई कारबाही हुने व्यवस्था राखिएको छ ।

तीन: विधेयकको तेस्रो महत्वपूर्ण पक्ष गैरआवासीय नेपालीलाई नागरिकता दिने विषय हो । राजनीतिक र प्रशासनिक अधिकारबाहेक आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसहित गैरआवासीय नेपालीलाई नागरिकता दिने विधेयकमा उल्लेख छ । जसपा निवर्तमान नेता डा. बाबुराम भट्टराईले 'आमाको नाममा नि:सर्त नागरिकता दिनुपर्ने' विचार राखे, जसनुसार सरकारले संशोधन स्वीकार्दै 'अब व्यक्तिले नागरिकतामा बाबु वा आमाको थरमध्ये एक रोज्न पाउने भएको छ । गैरआवासीय नेपालीलाई नागरिकता दिने विषयमा भट्टराईले भने- 'गैरआवासीय नेपालीलाई पूर्ण अधिकारसहितको नागरिकता दिनुपर्छ ।' विधेयकमा भएको नयाँ व्यवस्थाबारे एमाले सांसदहरूले 'नेपाली नागरिकसँग विवाह गरेर आउने विदेशी महिलालाई निरन्तर रूपमा ७ वर्ष नेपालमा बसोबास गरेपछि मात्रै अङ्गीकृत नागरिकता दिने व्यवस्था हुनुपर्ने अडान राखे । उनीहरूले विवाह हुनेबित्तिकै नागरिकता दिइने व्यवस्था हटाउन जोडदार माग गरे पनि सरकारले सुनेन । उनीहरूले अन्य छिमेकी देशहरूको व्यवस्था पनि हेर्नुपर्ने बताए । विधेयकलाई छलफलका लागि एकदिन भए पनि संसदीय समितिमा लैजानुपर्ने बताए ।

एमाले सांसद खगराज अधिकारीले फिजीको अनुभवबाट सिक्न आग्रह गरे । 'सार्वभौमिकतासँग जोडिएको हुनाले नागरिकता संवेदनशील भएको भन्दै उत्तेजनामा आउन नहुने बताए । 'हामी भारतको मात्रै कुरो गर्छौं । भोलि चीनको कुरा आउला । आवागमन सहज छ अहिले, त्यसैले भारतको विषयमा मात्रै यस्तो गऱ्यो भन्दै सनसनीपूर्ण गर्ने पनि हुँदैन ।' उनले भने, 'नागरिकता विधेयक बनाउँदा बंगलादेश, भारत र सार्कसहित क्षेत्रमा रहेका व्यवस्थाको अध्ययन गरेरै संविधानमा व्यवस्था गरिएको बताए ।

विवाहका हकमा अन्य सबै अधिकार पाउने तर नागरिकताचाहिँ ७ वर्षपछि मात्रै पाउने भन्ने व्यवस्था राखौं ।' तर सरकारले प्रतिपक्षका कुरा बहुमतीय बलमा नसुनेझैँ गऱ्यो । माल्दिभ्स, पाकिस्तान, भुटान र भारतमा निश्चित समयको प्रावधान छ भने हाम्रो देशमा विवाह गरेर आउनेबित्तिकै नागरिकता दिने प्रावधान देश हितविपरीत हुनेछ । यो विषयमा विगतमा हामीले भोगिसकेका छौं । अहिले हतारमा पास गरियो । कसलाई खुशी पार्न देशलाई फिजीतर्फ लगिँदै छ ? नागरिकहरुले यसरी प्रश्न भरररर उठाएका छन् ।

कांग्रेस महामन्त्री गगन थापाले 'नागरिकता विधेयकका बारे सही सूचना प्रकाशन गर्न' सञ्चारमाध्यमसँग आग्रह गरे । नागरिकता विधेयक ७ वर्ष रोकिएर संघीय र प्रादेशिक चुनावका मुखमा किन पारित भयो ? नेकपा एकीकृत समाजवादी र नेकपा माओवादी केन्द्रहरू आफ्ना पूर्ववत् अडानबाट किन एकाएक ब्याक भए ? यी कुराहरू नै रहस्यका गर्भमा छन् । यतिखेर एमाले नागरिकता विधेयकमा रहेको वैवाहिक अङ्गीकृत व्यवस्थामा ७ वर्षपछि विदेशी बुहारीलाई नागरिकता दिनुपर्छ भन्ने अडानमा छ र यही इस्युलाई चुनावमा एमालेले राष्ट्रियताको उग्र रङ्ग दिएर लैजानेछ । माओवादी अध्यक्ष प्रचण्डको हालैको भारत भ्रमण र दिल्लीमा कांग्रेस नेतृ तथा प्रधानमन्त्री-पत्नी आरजु राणा देउवासँग भएको आकस्मिक भेटको गुत्थीसमेत नागरिकता विधेयक यसरी शीघ्राति शीघ्र संसद्बाट बहुमतले पारित हुनु घटनाबाट पुष्टि भयो ।

जसपाका निवर्तमान नेता डा.बाबुराम भट्टराई र प्रचण्डबीच गत बिहीबार भएको लामो भेटवार्तामा नागरिकता विधेयकबारे व्यापक चर्चा भएको कुरा अन्तर्यमै राखी नेकपा समाजवादी केन्द्र बनाउने कुरामात्रै बाहिर ल्याइयो । विश्लेषक डम्मर खतिवडा भन्छन्- 'समाजवादी केन्द्रबारे निम्न दुई अवधारणाबीचको भिन्नता बुझ्न अति जरुरी छ । एक- समाजवादी केन्द्र र दुई- नेकपा (समाजवादी केन्द्र) । पहिलो भनेको पुँजीवाद र साम्यवादभन्दा भिन्नै समाजवादलाई आफैँमा एक आदर्शको रूपमा स्थापित हुनु हो । दोस्रो समाजवाद र वैकल्पिक राजनीतिलाई धोका दिई कम्युनिस्टहरूको पुच्छर बन्नु हो । दोस्रो अवधारणामा किमार्थ समर्थन जनाउन सकिन्न । त्यो धोका, गद्दारी, भ्रमको व्यापार र आत्मघातसरह हुनेछ ।' बुझेका नेताको यतिको प्रतिक्रियाले प्रचण्ड र बाबुरामहरूका भेट सन्देहका घेरामा घेरिए ।

यतिको प्रस्ट बोलिसकेपछि सप्रसङ्ग व्याख्याको जरुरत नै परेन । 'समाजवाद ल्याउन सबै कम्युनिस्ट पार्टीबीच एकता आवश्यक छ' भनेर स-साना कम्युनिस्ट घटक्लाई ललिपप चटाउने शैलीमा नेकपा एमालेका नेता सुरेन्द्र पाण्डे भन्दै थिए । उनलाई सबै कम्युनिस्ट पार्टीभित्र नेपाल मजदुर किसान पार्टी पर्दैन भन्ने हेक्का भएन होला । नेपालमा अब बहुमत आउन बाँकी अन टेस्टेड कम्युनिस्ट पार्टी भनेकै नेमकिपा र उसको बहुमतीय सत्ता आवश्यक छ । जुन यस किसिमको संसदीय व्यवस्थाबाट दुरुह लाग्दछ ।

राष्ट्रिय जनमोर्चाकी उपाध्यक्ष दुर्गा पौडेलले 'भारतमा चुनाव हारेर नेपालको सांसद हुने गरी नागरिकता वितरण गर्ने काम नगर्न' सरकारको ध्यानाकर्षण गराइन् । 'वास्तविक नेपालीले नागरिकता पाउनुपर्छ तर भारतमा चुनाव हारेर नेपालको सांसद हुने गरी नागरिकता वितरण गर्नुचैं भएन । यो राष्ट्रियतासँग जोडिएको सवाल छ । वंशजको कुरा अंगीकृतले पाएको अवस्था छ । वंशजको नागरिक त्यो नै हुनसक्छ जसका बाबुआमा दुवै वंशज छन् । यो विषयमा हामी गम्भीर हुनुपर्छ । वंशजको नागरिकता पाउन बाबु र आमा दुवै वंशजका चाहिन्छन् । अंगीकृत नागरिकता विवाहित महिलाको हकमा ७ वर्षको प्रावधानलाई कायमै राखेर जानुपर्छ । अन्यथा हामीले नागरिकता दिँदै गर्दा देशको राष्ट्रियतासँग जोडिएको कुराप्रति गम्भीर भएनौं भने अन्ततोगत्वा धेरै ठूलो क्षति भोग्नुपर्छ ।'

सरकारले नागरिकता विधेयकमा सांसदहरूले दर्ता गराएमध्ये केही संशोधन स्वीकार गरेको छ । गृहमन्त्री बालकृष्ण खाणले नागरिकता विधेयकमाथि प्रतिनिधिसभामा भएको दफावार छलफलका क्रममा संशोधन स्वीकार गरेका हुन् । गृहमन्त्रीले स्वीकार गरेका संशोधनहरूमा 'नागरिकता लिन चाहने व्यक्तिले आमा वा बाबुको थर उल्लेख गर्ने सवालमा एक रोज्न पाउने' व्यवस्था हो । त्यस्तै ठेगाना पनि व्यक्तिले रोज्न पाउने भएको छ । संशोधनमार्फत सरकारले नागरिकतामा लैंगिक पहिचानको व्यवस्थालाई समेत स्वीकारेको छ । सरकारले सांसदहरूले हालेको संशोधनमार्फत १६ वर्ष उमेर पूरा भएपछि वंशजको नागरिकता प्राप्त गर्ने व्यवस्था लागू गऱ्यो ।

त्यस्तै, नागरिकताको अभिलेखमा आमा वा बाबुको नागरिकताको विवरण राख्ने व्यवस्थासमेत सरकारले संशोधनमार्फत स्वीकार गरेको छ । यी सबै कुराहरू सुनेर पारित भएजस्तो गरेको भए पनि अङ्गीकृत नागरिकताका सवालमा ७ वर्षको अडानबाट एकीकृत समाजवादी केन्द्र र माओवादी केन्द्र पछि हट्नु नै भारतको व्यापक दबाब रहेको बुझिन्छ । नागरिकता विधेयक पारित भएकै बिहान पुराना नेता महन्थ ठाकुरले प्रधानमन्त्री शेरबहादुर देउवालाई बालुवाटारमा भेटेर धन्यवाद दिएको समाचार सञ्चारमाध्यममा आइसक्नुले समेत मधेसकेन्द्रित दल र वर्तमान गठबन्धनका दलहरूबीच यसबारेमा पूर्वसहमति भएको थियो भनेर अन्दाज गर्न सकिन्छ ।

विधिविधान पुऱ्याएजस्तो गरी संसद्मा त कानुन मिलाउन मात्रै लगिएको हो । जिब्रो नचपाई भन्ने हो भने, नागरिकता कानुन कार्यान्वयनसँगै वर्तमान भारतीय संस्थापन पक्षका 'भेट्रान इन्ट्रेस्टका इस्युहरू' आगामी दिनमा क्रमागतरूपले प्रकटीकरण हुँदै जाने निश्चित लाग्दछ । आसन्न संसदीय चुनावपछि नेपालमा यही गठबन्धन कायमै राखेर बहुमत पुऱ्याई पहिलो आधा कांग्रेस नेतृ आरजु राणा र पछिल्लो आधा माओवादी अध्यक्ष प्रचण्ड प्रधानमन्त्री हुने ग्रीन सिग्नल भारतीय संस्थापन पक्षले दिएको बुझिन्छ । 'नेपालमा कम्फर्टेबल सरकार हुनुको फाइदा मज्जैले भारतीयहरूले पाउने भए, फलत: नागरिकता विधेयक उनीहरूलाई खुशी पार्न पास गरिएको प्रयास' भन्ने कुरा यतिखेर नेपाली राजनीतिक मण्डीमा गर्मागर्म चर्चाको विषय भएको छ । -बाँकी ३ पेजमा....

# ‘श्रमजीवी र क्रान्तिकारीले निर्वाचन जित्न मुस्किल’



काठमाडौँ, ९ साउन (रासस)/ नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले विद्यमान निर्वाचन प्रणालीका कारण श्रमजीवी जनता र क्रान्तिकारीले निर्वाचन जित्न मुस्किल हुँदै गएको छ । गाउँपालिकाको अध्यक्षमा जित्नका लागि १० करोड बराबरको खर्च भएको विवरण सार्वजनिक भएको सन्दर्भ जोड्दै उनले संघीय निर्वाचन जित्नका लागि अर्ब बराबरको खर्च हुने अवस्था देखिएको उनको भनाइ छ ।

नेपाल कम्युनिस्ट पार्टीका संस्थापक नेता नरबहादुर कर्माचार्यको स्मृति दिवसको अवसरमा सोमबार पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले निर्वाचन प्रणाली र शासकीय प्रणालीका कारण भ्रष्टाचार संस्थागत हुँदै गएकाले त्यसलाई परिवर्तन गर्न जरुरी रहेको बताए । संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत गरेको भए पनि त्यसविरुद्ध केही तत्वले जेहाद छेडेको र संघीयता विरुद्ध उभिने धृष्टता गरेको देखिएको उनले बताए । धेरै पैसा खर्च सकेन भने वा अनेकन तिकडम नगरे निर्वाचन जित्न नसक्ने अवस्था सिर्जना भएको अध्यक्ष दाहालको भनाइ छ ।

उनले विचार मिल्नेसँग एकता प्रक्रिया अगाडि बढाइएको उनको भनाइ छ । उनले गठबन्धनभित्र पनि साझा मत बनाएर सहकार्य गर्नुपर्नेमा जोड दिए । अध्यक्ष दाहालले जनतासँग जोडिएर विगतमा गरिएका राम्रा काम र वर्तमान सरकारमा रहेर गरेका जनपक्षीय कामबारे जानकारी गराउन पार्टीका सबै नेता तथा कार्यकर्ता प्रतिबद्ध भएर लाग्न अध्यक्ष दाहालले निर्देशन दिए ।

शिक्षा, स्वास्थ्य रोजगारी, विद्युतीकरणका सन्दर्भमा गरिएका प्रयास माओवादीकै योजनामा अगाडि बढेको जानकारी दिँदै उनले त्यसका बारेमा जनतालाई जानकारी गराउन आग्रह गरे । विचार, आर्दश र योजनाका साथ आगामी संघघर्षमा जीत हासिल गर्नुपर्ने उनको भनाइ छ । विचार क्रान्तिकारी भएर मात्रै नहुने स्पष्ट पार्दै उनले सोही आधारमा संघगठन र जीवन व्यवहारमा परिवर्तन गर्नुपर्ने बताए ।

अध्यक्ष दाहालले प्राप्त भएको परिवर्तनको रक्षा गर्दै थप उपलब्धीका लागि अगाडि बढ्न सक्छौँ वा सक्दैनौँ भन्ने विषय नै आजको प्रमुख आवश्यकता रहेको धारणा राखे । कम्युनिष्ट आन्दोलन र आफ्नै पार्टीभित्र पनि विभिन्न खालका विचलन देखा परेको भन्दै त्यस्ता प्रवृत्तिका विरुद्ध निरन्तर लड्नुपर्नेमा अध्यक्ष प्रचण्डलेजोड दिए ।

विगतमा क्रान्तिकारी बन्ने प्रतिस्पर्धा हुने गरेको तथ्य पेश गर्दै उनले यतिबेला चरम व्यक्तिवाद हावी हुन थालेको र त्यसविरुद्ध निरन्तर संघर्ष गर्नुपर्ने बताए ।

सरलता, पारदर्शिता र निष्ठाको हिसाबले कर्माचार्य जीवन पर्यन्त क्रान्ति र पार्टीप्रति निष्ठाबान रहेको उनले स्मरण गरे ।

कार्यक्रममा नेकपा (माओवादी केन्द्र)का वरिष्ठ नेता नारायणकाजी श्रेष्ठले विचार, सिद्धान्त र दृष्टिकोणका आधारमा संस्थापक नेता कर्माचार्यले अबलम्बन गरेको आदर्शलाई पछ्याउनुपर्ने बताए ।

# पेट्रोलियम पदार्थको आयातमै बाहिरियो तीन खर्ब २० अर्ब

काठमाडौँ, ९ साउन (रासस)/ बढ्दो मूल्य वृद्धि र खपतका कारण एक वर्षको अवधिमा पेट्रोलियम पदार्थको आयातमा मात्रै ठूलो परिमाणमा नेपाली मुद्रा बाहिरिएको छ । एक विवरणअनुसार एक वर्षको अवधिमा सवा तीन खर्ब बढी नेपाली बाहिरिएको छ ।

भन्सार विभागले सोमबार सार्वजनिक गरेको गत आव २०७८/७९ को तथ्याङ्कअनुसार नेपालले भारतबाट तीन खर्ब २० अर्ब ३२ करोड ७४ लाख ६५ हजार बराबरको पेट्रोलियम पदार्थको आयात गरेको हो । तथ्याङ्कअनुसार एक वर्षको अवधिमा सबैभन्दा बढी डिजेल आयातमा नेपाली रुपैयाँ बाहिरिएको पाइएको छ । एक वर्षको अवधिमा नेपालले एक खर्ब ६८ अर्ब २३ करोड ३२ लाख बढीको डिजेल मात्रै आयात गरेको हो ।

७१ अर्ब ३८ करोड ८२ लाख ८८ हजार बराबरको डिजेल, ६५ अर्ब ५५ करोड नौ लाख बराबरको खाना पकाउने एलपी ग्यास र १५ अर्ब १५ करोड ४९ लाख बराबरको हवाई इन्धन आयात भएको छ । एक वर्षको अवधिमा एक खर्ब १३ अर्ब बराबरको भटमास, पाम र सूर्यमुखीको कच्चा तेल, ५२ अर्ब बराबरको मोबाइल र ल्यापटप, ४८ अर्बको सुन-चाँदी र ७३ अर्बभन्दा बढीको खाद्यान्न आयात भएको छ ।

नेपालबाट सबैभन्दा धेरै भटमासको प्रशोधित तेलको निर्यात भएको छ । एक वर्षको अवधिमा ४८ अर्ब १२ करोड बराबरको प्रशोधित भटमासको तेल, ४१ अर्ब ६४ करोड बराबरको प्रशोधित पाम तेल, १० अर्ब १४ करोड बराबरको सेन्थेटिक यार्न, सात अर्ब ७१ करोड बराबरको उनीका सामग्री तथा पाँच अर्ब ७६ करोड बराबरका तयारी कपडाको निर्यात भएको छ ।

# साना किसानको संख्या पशु बीमाबाट वञ्चित

काठमाडौँ, ९ साउन (रासस)/ पशु बीमा कार्यक्रमबाट साना किसान लाभान्वित हुनसकेका छैनन् । देशभर साना किसानको संख्या झन्डै ८० लाख रहेको अनुमान छ । बीमा गर्ने मध्यम तथा ठूला किसानको भने बढ्दो आर्कषण छ । उनीहरुले फर्म दर्ता नगरिकन व्यवसाय सुरु गरेका छैनन् । वित्तीय संस्थाले दर्ता नगरेका ऋणीलाई धितो लिएर सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने गरेको छैन ।

गत आर्थिक वर्षमा सहुलियतपूर्ण कर्जा लिनेको संख्या ६० हजार ६१८ छ । उनीहरुले एक खर्ब ३९६ अर्ब ८४ करोड सहुलियतपूर्ण कर्जा प्राप्त गरेका छन् । फर्म दर्ता गरेर पशुपालन गर्ने साना किसानको संख्या न्यून छ । उनीहरुलाई फर्म दर्ता गर्ने, दर्तापछि धितो राखेर सहुलियतपूर्ण कर्जा प्राप्त गर्न सकिन्छ भन्ने जानकारी कम छ । वित्तीय संस्थाले स्वीकार गर्ने, आवश्यक धितो नहुनाले साना किसान सरकारी तथा बीमा सुविधा प्राप्त गर्नबाट वञ्चित छन् ।

नेपालमा पशु बीमा कार्यक्रम आर्थिक वर्ष २०७१/७२ बाट सुरु भएको हो । सरकारी सेवा सुविधा प्राप्त गर्नबाट साना किसान वञ्चित भएका कारण पशुजन्य उत्पादनको आयात चुलिएको छ । भन्सार विभागको तथ्याङ्कअनुसार माछा, मासु र दूध तथा दुग्धजन्य पदार्थको आयात वार्षिक दुई खर्बभन्दा बढी छ । पहिलो वर्ष गाईभैँसी, चौरी, भैँडा, च्याङ्ग्रा, बाख्रा, सुङ्गुर, बङ्गुर, गधा तथा विभिन्न पक्षीपालन गर्ने किसानले रु ६१ करोड एक लाखको बीमा गरेका थिए । ती किसानलाई सरकारले एक करोड ६५ लाख अनुदान उपलब्ध गराएको थियो ।

त्यसको आठ वर्षपछि आर्थिक वर्ष २०७७/७८ सम्म ५९ प्रतिशतले बीमाङ्क बढेको बीमा समितिको तथ्याङ्कमा उल्लेख छ । बीमा समितिले बीमा गर्नेको संख्या उल्लेखनीय वृद्धि भएको पुष्टि गरे पनि कृषि तथा पशुपक्षीबाट उत्पादन हुने विभिन्न बस्तुको आयात घटेको छैन । आयात नघट्नुको मुख्य कारण साना किसानलाई उत्पादनमा समेट्न नसक्नु भएको विज्ञहरुको भनाइ छ ।

भक्तपुर सूर्यविनायक नगरपालिका-१० का बद्री दुलाल हुन् वा सुदन खड्कालाई पशु बीमाबारे राम्रो जानकारी छैन । उनीहरुले पशुपालनबाट घरायसी खाँचो टार्दै आएको छ । उनीहरुका गोठमा तीन/चार वटा गाईभैँसी छन् ।

एक दुधालु गाईभैँसीको मूल्य करिब एक लाखदेखि एक लाख पचास हजारसम्म पर्छ । कारणबस गाईभैँसी मरेमा उनीहरुलाई बज्रपात पर्छ । तर उनी बीमाका बारेमा बुझाउने र सहयोग गर्ने मान्छे गोठसम्म आइ नपुगेको बताउछन् । गाईभैँसीलाई घाँसपात, सफा सुग्घर, औषधि उपचारलगायत कामबाट फुर्सद नहुने भएकाले बीमा गर्ने निकाय गोठसम्म आउनुपर्ने उनी बताउछन् । ठूला पशुपालक फर्मको गोठसम्म बीमा गर्ने निकाय पुगेको देखिन्छ तर साना किसानसम्म बीमासम्बन्धी निकाय नपुगेको गुनासो गर्नुहुन्छ खाद्यका लागि कृषि अभियानका अध्यक्ष उद्धव अधिकारी । उनी भन्छन्, “पहिलो पटक स्थानीय वडा सरकारले साना किसानको पशु बीमा गरिदिनुपर्छ ।”

पशुधन बीमाकर्ताले पहिलो वर्ष बीमा रकममा पाँच, दोस्रो वर्ष सात र तेस्रो वर्षदेखि कूल बीमा शुल्कको १० प्रतिशतले हुन आउने रकम भुक्तानी गर्नुपर्नेछ । सदस्य संस्थामार्फत बीमा भएमा कूल बीमा शुल्कमा १५ प्रतिशत छुट दिइने व्यवस्था पशुबीमा नीतिमा उल्लेख छ । नीतिले बीमाशुल्क बीमाङ्क रकमको पाँच प्रतिशत प्रतिवर्षका दरले शुल्क लाग्ने छ । बीमित पशुधनको सम्बन्धमा सत्यतथ्य कुरा लुकाइछिपाइ झुट्टा विवरण दिएको पाइएमा, बीमित पशुधनलाई बीमा अवधि समाप्त नहुँदै बिक्री गरेमा स्वत: रद्द हुने नीतिमा उल्लेख छ ।

पशुधनकर्ताले बीमित पशु हराएमा वा चोरी भएमा निर्धारित अवधिभित्र दाबी प्रक्रिया सुरु नगरेमा, बीमित पशुको बीमा शुल्क नबुझाएको अवस्थामा र नवीकरण गर्नुपर्ने बीमालेख समाप्त भएमा सात दिनभित्र नवीकरण गरी तोकिएको संस्थामा बीमाशुल्क नबुझाएमा बीमाको दाबी रकम भुक्तान गर्न बाध्य नहुने नीतिमा उल्लेख छ ।

# मौद्रिक नीतिले आर्थिक गतिविधि घटाउँछ: चेम्बर

काठमाडौँ ९ साउन (रासस)/ नेपाल चेम्बर अफ कमर्शले नेपाल राष्ट्र बैंकद्वारा गतहप्ता जारी मौद्रिक नीतिले मुलुकको समग्र आर्थिक गतिविधि घटाउने जनाएको छ ।

संस्थाद्वारा आइतबार विज्ञप्ति जारी गरी कर्जा विस्तार को लक्ष्यसमेत घटाउँदा अर्थतन्त्र नै संकुचनमा पर्ने बताएको हो ।

अनिवार्य नगद अनुपात तीनबाट चारमा पुऱ्याइनु, वैधानिक तरलता अनुपातको सीमा वृद्धि हुनु एवं मुद्रा प्रदायको लक्ष्य १२ प्रतिशतमा घटाउनुले बजेटमा उल्लेखित आठ प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य एवं मूल्यवृद्धि सात प्रतिशतमा नियन्त्रण गर्न कठिन हुने विज्ञप्तिमा जनाइएको छ ।

विज्ञप्तिमा भनिएको छ, “गत वर्ष १९ प्रतिशतको कर्जा विस्तारको लक्ष्य लिएकोमा त्यसलाई घटाएर चालु वर्षका लागि १२ प्रतिशतमा सीमित गर्न खोजिएको छ अनिवार्य नगद अनुपात र वैधानिक तरलता अनुपात पनि बढाइएको छ । यसले आर्थिक गतिविधिलाई थप संकुचित पार्नेछ”,

नगद प्रवाहलाई संकुचन एवं कर्जा प्रवाहको लक्ष्यलाई सीमित गरेर ब्याजदर बढाउँदा बजेटले लिएको आठ प्रतिशतको लक्ष्य र मूल्यवृद्धि सात प्रतिशतमा सीमित गर्न कठिन हुने चेम्बरको भनाइ छ ।

अर्थतन्त्रलाई चलायमान बनाउन निजी क्षेत्रले आफ्नो गतिविधि बढाउनुपर्ने भए पनि मौद्रिक नीतिका कारण संकुचन आउन सक्ने र यसले रोजगारीमा समेत असर गर्ने चेम्बरले बताएको छ ।

कोभिड महामारीमा दिएको सुविधा कटौती गरी अत्यावश्यक क्षेत्रलाई मात्र पुर्नकर्जा दिने व्यवस्थामा यसलाई नीतिगत लचकतासहित सुरक्षित अवतरण गर्नुपर्ने विज्ञप्तिमा माग गरिएको छ ।

# पशुपतिनाथलगायत देशभरका शिवालयमा भक्तजनको भीड

काठमाडौँ, ९ साउन (रासस)/ साउनको दोस्रो सोमबार बिहानैदेखि पशुपतिनाथलगायत देशभरका शिवालयमा भक्तजनको भीड लागेको छ ।

पशुपतिनाथ मन्दिरमा बिहान पानी परेका बेला कम भक्तजन जम्मा भएकामा पानी रोकिएसँगै पशुपति क्षेत्रमा संख्या बढ्न थालेको पशुपति क्षेत्र विकास कोषका प्रवक्ता रेवतीरमण अधिकारीले राससलाई जानकारी दिए । बिहान ३ बजेदेखि नै पशुपतिनाथका चारै ढोका भक्तजनको दर्शनका लागि खुला गरिएको थियो ।

पशुपतिनाथ मन्दिरमा गतहप्ताभन्दा भारतीय पर्यटक पनि बढेका छन् । केही भारतीय स्वामीहरुले सोमबार पशुपतिनाथको दर्शन गरेको थियो । जुना अखडाका स्वामी यतीन्द्रानन्द, राष्ट्रिय स्वयंसेवक संघका उपप्रमुख इन्द्रेशकुमार, भारतको केही प्रान्तका पूर्वमुख्यमन्त्रीहरुले समेत सोमबार पशुपतिनाथमा दर्शन गरेको उनले बताए ।

पशुपतिनाथ मन्दिरमा बोल बम यात्रीको पनि उल्लेख्य सहभागिता छ । सुन्दरीजलबाट शुद्ध जल लिएर आई बोल बम यात्रीले पशुपतिनाथ मन्दिरमा अर्पण गरिरहेका छन् ।

बोल बम यात्रा गरी पशुपतिनाथ मन्दिरमा जल चढाउन चाहनेको चार ढोकामध्ये एक ढोकामा व्यवस्था गरिएको जनाइएको छ । साउनको सोमबार भगवान् शिवलाई शुद्ध जलमात्र चढाए पनि खुसी भई मनकामना पूरा हुने धार्मिक विश्वास छ । साउन भगवान् शिवजीको महीना मानिन्छ । सोमबारलाई भगवान् शिवको बारका रुपमा मानेर भक्तजनको विशेष भीड लाग्ने गरेको हो ।

साउनको सोमबार विशेषगरी महिलाले व्रत बसी भगवान् शिवको पूजा आराधना गर्ने परम्परा छ । यसो गरेमा विवाहिता महिलाले अटल सौभाग्य एवं अविवाहिता महिलाले सुयोग्य वर पाउने धार्मिक मान्यतासमेत रही आएको छ ।

यसै मान्यताका आधारमा साउनको सोमबार देशभरका शिवालयमा विशेषगरी महिला भक्तजनको भीड लाग्छ । राजधानीका गोकर्णेश्वर, नागेश्वर, वसन्तपुर स्थित सानो पशुपतिनाथलगायत काठमाडौँ उपत्यकाका शिवालयमा पनि भक्तजनको भीड लागेको छ । यस वर्ष साउन महिनामा पाँच सोमबार परेका छन् ।

# नागरिकताले भविष्यमा...

नागरिकता विधेयकमा नाखुस एमालेले राखेका संशोधनका विषयमा संसद्मा बहुमत नपुगेर अस्वीकृत भएकाले उसले भविष्यमा सडकबाटै नागरिकता कानुनबारे आफ्ना अडानलाई मुद्दाका रूपमा उठाउने अड्कल बुद्धिजीवीहरूले काटेका छन् । ‘कम्युनिस्टहरू कमजोर हुनु राष्ट्रियता कमजोर हुनु हो’ भन्ने कुरा एमालेले पटक-पटक औपचारिक कार्यक्रमहरूमा उठाउने गरेको छ । अहिले यतिखेर अङ्गीकृत नागरिकलाई नागरिकता दिने यस्तो सुविधाले नेपाल चाँडै फिजी नहोला भन्न सकिन्न, कारण राष्ट्रियताका सवालमा नागरिकताले पार्ने असर दूतत्तर देखिन्छन् ।

नागरिकता विधेयककै सेरोफेरोमा एमाले नेता योगेश भट्टराईले गठबन्धनका प्रधानमन्त्री शेरबहादुर देउवालाई ‘बुद्धि, विवेक र नीतिहीन व्यक्ति’ को संज्ञा दिएका छन् । यति तलसम्मै झरेर गरिएको यो ‘शाब्दिक भडाँस’लाई राजनीतिक वृत्तमा अशुभ वाणीका रूपमा लिइएको छ । एमालेले स्थानीय चुनाव परिणामलाई विश्लेषण गरेर अहिले कायम रहेको गठबन्धन जसरी पनि तोड्नै पर्छ भन्ने एकसूत्रीय राजनीतिक अभियान नै चलाएको छ ।

त्यसलाई मूर्तरूप दिन एमाले अरू पार्टीभन्दा एक कदम अघि बढेर चुनावलक्षित कार्यक्रमहरू गर्न सक्रिय छ । अध्यक्ष केपी ओली प्रतिदिन एक-एकवटा कोटेड लाइन बोल्न थालिसके । उनैका इशारामा पृष्ठभूमिमा बृहत् वाम एकताको खिचडी पकाइँदै छ । आगामी चुनावी गठबन्धन, क्रियाशील नागरिकता कानुन र नेकपा समाजवादी केन्द्र निर्माणजस्ता परिघटनाका छलाङले देशलाई कतातिर लैजान्छ, त्यो भने प्रस्टरूपमा यकिन भैसकेको छैन । *-साभार: नेपाल समाचारपत्र*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# विश्वका १६४ देशबाट आउँछन् नेपालमा मालसामान

काठमाडौँ, ९ साउन (रासस)/ आर्थिक वर्ष २०७८/७९ मा विश्वका १६४ देशबाट नेपालले विभिन्न माल वस्तु आयात गरेको पाइएको छ । भन्सार विभागले सोमबार सार्वजनिक गरेको गत आवको तथ्याङ्कअनुसार नेपालमा ती देशबाट १९ खर्ब २० अर्बभन्दा बढीको सामान आयात भएको हो ।

तथ्याङ्कअनुसार उक्त अवधिमा सबैभन्दा धेरै आयात भारतबाट भएको छ । एक वर्षको अवधिमा नेपालले भारतबाट मात्रै १२ खर्ब १५ करोड २७ लाखभन्दा बढीको सामान आयात गरेको थियो । १२ खर्बभन्दा बढीको सामान आयात हुँदा एक खर्ब ५५ अर्ब २२ करोड ३० लाख बराबरको सामान निर्यात भएको थियो । नेपालले भारतसँग मात्रै दश खर्ब ४४ अर्ब ९३ करोड ४ लाखभन्दा बढीको व्यापार घाटा व्यहोरेको थियो ।

भारतपछि ठूलो मात्रामा आयात चीनबाट भएको छ । एक वर्षको अवधिमा चीनबाट दुई खर्ब ६४ अर्ब ७८ करोड ३७ लाख बराबरको आयात भएको र ८० करोड ८७ लाख ५४ हजार बराबरको मात्र सामान निर्यात हुँदा चीनसँग दुई खर्ब ६३ अर्ब ९७ करोड ४९ लाख बराबरको व्यापार घाटा भएको थियो ।

आयातसँगै निर्यात पनि वृद्धि भएको थियो । भन्सार विभागले सार्वजनिक गरेको गत आर्थिक वर्षको तथ्याङ्कअनुसार विदेशी वस्तुको आयातसँगै स्वदेशी वस्तुको निर्यातमा वृद्धि भएको थियो । आव २०७८/७९ मा नेपालले दुई खर्ब ३० करोड ९६ लाख बराबरको स्वदेशी वस्तु निर्यात गरेको थियो । अघिल्लो आर्थिक वर्ष नेपालले एक खर्ब ४१ अर्ब १२ करोड ४० लाख बराबरको निर्यात गरेको थियो ।

विभागका अनुसार अघिल्लो आर्थिक वर्षको तुलनामा आयात २४ दशमलव ७२ र निर्यात ४१ दशमलव ७४ प्रतिशतले वृद्धि भएको छ ।

**बढ्यो व्यापार घाटा**

आयातको तुलनामा न्यून मात्रामा निर्यात हुँदा नेपालको व्यापार घाटामा वृद्धि भएको छ । अघिल्लो आर्थिक वर्षको तुलनामा गत आर्थिक वर्ष २३ प्रतिशतले व्यापार घाटा वृद्धि भएको हो । विभागका अनुसार गत आर्थिक वर्ष मुलुकको व्यापार घाटा १७ खर्ब २० अर्ब ४१ करोड ७३ लाख पुगेको थियो । अघिल्लो आर्थिक वर्ष २०७७/७८ मा व्यापार घाटा १३ खर्ब ९८ अर्ब ७१ करोड २९ लाख बराबर थियो ।

एक वर्षको अवधिमा नेपालले २१ खर्ब २० अर्ब ४७ करोड ९३ लाख बराबरको वैदेशिक व्यापार गरेको थियो । यो अघिल्लो आर्थिक वर्षको तुलनामा २६ दशमलव १५ प्रतिशतले बढी हो । अघिल्लो आर्थिक वर्ष नेपालले १६ खर्ब ८० अर्ब ९६ करोड ११ लाख बराबरको वैदेशिक व्यापार गरेको थियो ।

# अर्थतन्त्रका चुनौती सम्बोधन गर्न सरकार र निजी क्षेत्रबीच सहकार्य हुनुपर्छः प्रधानमन्त्री देउवा



काठमाडौँ, ८ साउन (रासस)/ प्रधानमन्त्री शेरबहादुर देउवाले बढ्दो उपभोगसँगै मुलुकले धान्न नसक्ने गरी बढिरहेको व्यापार घाटा कम गर्ने कार्यमा दत्तचित्त भएर लाग्न उद्योगी व्यवसायीलाई आग्रह गरेको छ ।

विदेशी मुद्राको घट्दो सञ्चिति, सुस्त बन्दै गइरहेको उत्पादनमूलक क्षेत्र, घट्दो कृषि उत्पादन र उत्पादकत्व, बढ्दो बेरोजगारी आदिका कारण मुलुकको अर्थतन्त्रलाई थप बिग्रन नदिन बुद्धिमत्तापूर्ण ढंगले वित्त तथा मौद्रिक नीतिलाई कार्यान्वयन गर्नुपर्ने खाँचो प्रधानमन्त्री देउवाले औँल्याए ।

नेपाल उद्योग परिसंघको १९ औं वार्षिक साधारणसभालाई सोमबार सम्बोधन गर्दै उनले कोभिड-१९ महामारीले शिथिल बनाएको हाम्रो अर्थतन्त्र रुस र युक्रेनबीचको युद्धका कारण थप प्रभावित हुने स्थितिमा पुगेको बताए ।

अहिले अर्थतन्त्रमा आन्तरिक तथा बाह्य दुबै चाप परेको स्थिति रहेको भन्दै प्रधानमन्त्रीले यसका लागि सरकार र निजी क्षेत्र दुबैले एकापसमा संवाद र सहकार्य गरेर चुनौतीलाई सम्बोधन गर्नुपर्ने आवश्यकतामा जोड दिए ।

प्रधानमन्त्री देउवाले भने “अर्थतन्त्रको सुदृढीकरणका लागि खासगरी तपाईं उद्यमी व्यवसायी साथीहरूले विदेशमा उत्पादित महँगा र विलासी वस्तुहरू स्वेदशमा आयात गर्न र उपभोग बढाउनतिर मात्र नलागेर स्वदेशमै उत्पादन सम्भव भएका वस्तु तथा सेवाको उत्पादन वृद्धि र तिनको बजारीकरण गर्दै आयात प्रतिस्थापनमा सहयोग पुऱ्याउन त्यस क्षेत्रमा लगानी केन्द्रित गर्न म आग्रह गर्न चाहन्छु ।”

कृषि क्षेत्र मुलुकको अर्थतन्त्रको आधारशिला भएकाले कृषि क्षेत्रको व्यवसायीकरण र यान्त्रिकीकरण गरी यस क्षेत्रको विकासमार्फत् आर्थिक वृद्धिको जग बलियो बनाउन र मुलुकको गरिबी र आर्थिक असमानता हटाउन प्रधानमन्त्री देउवाले निजी क्षेत्रको ध्यानाकर्षण गराए ।

विदेशी कच्चा पदार्थमा आधारित कम मूल्य अभिवृद्धि हुने प्रशोधन उद्योगभन्दा मुलुककै कृषि, वन तथा खानी क्षेत्रका कच्चा पदार्थमा आधारित उद्योगधन्दाको विकास गरी स्वदेशमै आय र रोजगारी प्रवर्द्धन हुने गरी आफ्ना आर्थिक क्रियाकलापहरूलाई अघि बढाउन आवश्यक रहेको प्रधानमन्त्रीको भनाइ छ ।

विदेशी मुद्रा आर्जन हुने आर्थिक क्रियाकलाप जस्तै प्रत्यक्ष वैदेशिक लगानी बढाउने तथा पर्यटन व्यवसायको प्रवर्द्धन गर्ने, निकासीजन्य उद्योगको विस्तार गर्ने, निर्यात वृद्धिमार्फत् व्यापार घाटा कम गर्ने, उपभोगजन्य र विलासिताका वस्तु तथा सेवाको आयात र उपभोगलाई निरुत्साहित गर्ने काममा लाग्नुपर्ने प्रधानमन्त्रीको भनाइ छ ।

प्रधानमन्त्री देउवाले विप्रेषण आप्रवाहलाई औपचारिक माध्यमबाट आउन प्रोत्साहित गर्नेलगायतका विभिन्न कार्यहरूमा सरकारले निजी क्षेत्रको सक्रिय सहयोगको अपेक्षा गरेको भने । उद्योग व्यवसायमा बिजुलीको उपयोग बढाई पेट्रोलियम पदार्थको आयात र उपभोगलाई घटाउन पनि उनले निजी क्षेत्रलाई आग्रह गरे ।

तत्कालिक लाभ लिने क्षेत्रमा भन्दा पनि दीर्घकालसम्म मुलुकको आर्थिक विकासमा सहयोग पुग्ने, मुलुकभित्रका श्रम, सीप र कच्चा पदार्थको अधिकतम परिचालन गरी निकासी बढाउनेतर्फ ध्यान केन्द्रीत गर्न प्रधानमन्त्रीले अनुरोध गरे ।

मुलुकको अर्थतन्त्रको जग बलियो बनाउने एवं बढी भन्दा बढी रोजगारी सिर्जना गर्ने र सरकारलाई मुलुकको विकासका लागि आवश्यक स्रोत परिचालन गर्न सहयोग पुऱ्याउने क्षेत्रमा लगानी विस्तार गर्न आवश्यक रहेको प्रधानमन्त्रीको भनाइ छ ।

मुलुकको अर्थतन्त्रलाई थप बिग्रन नदिन र ट्र्याकमा ल्याउन सरकार निजी क्षेत्रसँग हातेमालो गर्दै अघि बढ्न तयार रहेको प्रधानमन्त्रीले दृढता व्यक्त गरे । निजी क्षेत्रलाई उद्यम व्यवसाय गर्न आवश्यक नीतिगत व्यवस्था र पूर्वाधार सुविधाहरू उपलब्ध गराउन सरकार सदैव प्रतिबद्ध रहेको उनको भनाइ छ ।

“मुलुकभित्र उद्योग व्यवसायको पर्याप्त विकास विना आर्थिक विकास र समृद्धि आउन सक्दैन । निजी क्षेत्रको बलियो संलग्नताविना मुलुकमा उद्योग व्यवसायलाई अघि बढाउन सकिँदैन” प्रधानमन्त्रीले भने “यस कुरालाई आत्मसात् गरी निजी क्षेत्रलाई लगानीको उचित वातावरण प्रदान गरी सरल र सहज रूपमा उद्यम व्यापार सञ्चालन गर्नसक्ने वातावरण निर्माण गर्न सरकारले विभिन्न कानुनी, नीतिगत र संस्थागत सुधारहरू गर्दै गइरहेको छ । यसलाई आगामी दिनमा पनि निरन्तरता दिइने कुरामा यहाँहरू सबैलाई आश्वस्त तुल्याउन चाहन्छु ।”

नेपालको अर्थतन्त्रमा निजी क्षेत्रको योगदान अत्यन्तै महत्वपूर्ण रहेको उल्लेख गर्दै प्रधानमन्त्रीले कुल ग्राहस्थ उत्पादन र कुल रोजगारी सिर्जनामा निजी क्षेत्रको हिस्सा करिब तीन चौथाइभन्दा बढी रहेको तथ्याङ्क पेश गरे ।

मुलुकको आर्थिक विकासमा निजी क्षेत्रले पुऱ्याउँदै आएको योगदानको उच्च प्रशंसा गर्दै प्रधानमन्त्रीले आगामी दिनमा यो योगदानलाई अझ फराकिलो, खँदिलो, समन्यायिक, सन्तुलित र दिगो बनाउन सबैलाई अपिल गरे ।

कार्यक्रममा उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दिलेन्द्रप्रसाद बडु, व्यवसायी एवं नेपाली कांग्रेसका सांसद विनोद चौधरीलगायतले उद्योग व्यवसायको क्षेत्रमा निजी क्षेत्रले खेलेको भूमिकको प्रशंसा गर्दै आगामी दिनमा सक्रियताका साथ व्यवसाय विस्तार गर्नुपर्ने बताए ।

# कालिज फार्ममा चितुवाको अत्क्रमणले क्षति

चरीकोट, ९ साउन (रासस)/ दोलखाको भीमेश्वर नगर पालिका-७ स्थित मकैबारीमा रहेको कालिज फार्ममा चितुवा पसेर आक्रमण गरेको छ । सदरमुकाम चरीकोट बजारको नजिकै फर्ममा दिउँसै चितुवा पसेर आक्रमण गर्दा करिब एक हजारभन्दा बढी कालिज मरेको छ ।

चार हजारभन्दा बढी कालिज पालन गर्ने उक्त फार्ममा दिउँसोदेखि रातभर करिब एक हजार भन्दा बढी कालिज मारेको फार्म सञ्चालक मिङ्गुर शेर्पाले बताए । फार्ममा काम गर्ने मजदूरले दाना दिने बेलामा कालिज मरेको देखेपछि खोजी गर्दा फार्मभित्र चितुवा भेटिएको थियो । दूधपोखरी वाइल्ड लाइफ एग्रो फार्मले विगत दुई वर्षदेखि व्यावसायिकरुपमा कालिज पालन गर्दै आएको थियो ।

फार्मको एक भागमासाना-साना कालिज र अर्को भागमा बेच्न तथा तल्ला उत्पादनका लागि ठूलो कालिज राखिएकामा बेच्नका लागि योग्य करिब एक हजार कालिज चितुवाले मारेको उनले बताए । चितुवाले केही कालिज समातेर आक्रमण गर्दा मरे पनि धेरै जस्तो कालिज आत्तिइ तार जालीमा ठोक्किएर मरेको पाइएको छ । फार्मभित्र चितुवाका कारण करिब ४० लाखभन्दा बढीको क्षति भएको छ । कालिजप्रति गोटा तीनहजार ५०० देखि चार हजारसम्ममा बिक्री हुँदै आएको र अन्डा परेर चल्ला निकाल्नका लागि राखिएका कालिज मर्दा करिब ४० लाखदेखि ४५ लाख मूल्य बराबरको क्षति पुगेको सञ्चालक शेर्पाले उल्लेख गर ।

चारैतिर तार जालीले बारेको फार्मभित्र चितुवा छिरेपछि निस्कने ठाँउ नपाउँदा चितुवाले फार्ममा बढी क्षति गरेको उनको भनाइ थियो । फार्मका मजदूरलाई आक्रमण गर्न खोजेकाले स्थानीयवासीले ढुङ्गामुढा गर्दा चितुवा सामान्य घाइते भएको थियो ।

घाइते चितुवालाई सोमबार बिहान काठमाडौँबाट आएको टोलीले नियन्त्रणमा लिएको थियो । डिभिजन वन कार्यालयका कर्मचारी र सुरक्षाकर्मीले चितुवा नियन्त्रणमा लिन खोजेपनी नसकेपछि काठमाडौँबाट थप टोली बोलाएर नियन्त्रणमा लिइएको वन कार्यालयका प्रमुख थीरबहादुर कार्कीले बताए ।

# सञ्जीवनीद्वारा स्थानीय तहमा निर्वाचित शेयर सदस्यलाई सम्मान

साझाकुरा संवाददाता

हेटौंडा, ९ साउन/ सञ्जीवनी बचत तथा ऋण सहकारी संस्थाले स्थानीय तहमा निर्वाचित शेयर सदस्यलाई सम्मान गरेको छ ।

हेटौंडा-५, पिप्लेस्थित सहकारी संस्थाको २२ औं स्थापना दिवसको अवसरमा सहकारीले हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामासहित स्थानीय तहमा निर्वाचित शेयर सदस्यलाई सम्मान गरेको हो ।




सोमबार बिहान सहकारीको कार्यालय परिसरमै एक कार्यक्रमका बीच नगरप्रमुख लामासहित ५ नम्बर वडा अध्यक्ष सुशिल घिमिरे, ४ नम्बर वडा अध्यक्ष नवीन सिग्देल, ५ नम्बर वडा सदस्यहरु ज्ञानु थापा मगर, रामबहादुर राई, रञ्जिता सिलवाल र ८ नम्बर वडा सदस्य मञ्जु भुर्तेललाई सम्मान गरेको हो ।

सहकारीकी अध्यक्ष जानुका चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा सहकारीका व्यवस्थापक प्रकाश खनालले सहकारीको वस्तुस्थितिबारे जानकारी गराएका थिए । सहकारीका व्यवस्थापक प्रकाश खनालले सहकारीको शेयर सदस्य ३ हजार २ सय ५९ जना रहेको जानकारी दिए ।

३ करोड २१ लाख सेयर पूँजी रहेको सहकारीको बचत २२ करोड ४९ लाख रुपैयाँ रहेको छ भने ऋण लगानी २४ करोड २ लाख रुपैयाँ रहेको छ । सहकारीबाट ५ सय ५९ जनाले ऋण लिएको पनि व्यवस्थापक खनालले बताए ।

कार्यक्रममा बोल्दै मेयर लामाले नगरमा रहेका सहकारीको व्यवस्थापनका लागि काम गरिरहेको बताइन् । लामाले कार्यालय बिना सहकारी सञ्चालन गर्ने र सेवाग्राहिले जम्मा गरेको रकमको सुरक्षा नहुँने जस्ता समस्या समाधानका लागि उपमहानगरले अनुगमन गरिरहेको बताइन् ।

उनले व्यवस्थित ढंगबाट सञ्चालनमा रहेको सहकारी प्रगतीको बाटो उन्मुख रहेको बताउँदै यहाँ महिलाहरुले सञ्चालन गरेको सहकारीले अन्तर्राष्ट्रिय स्तरमा समेत चर्चामा रहने गरी उत्पादनमा जोडिएको बताइन् । उनले भनिन् ‘अब सहकारीले ऋण लगानीमात्र होइन उत्पादनमा जोडिने गरी काम गर्न जरुरी छ ।’

अहिले महिलामाथि सम्पत्तिको अधिकार नहुँदा ऋणको भारीमात्र बोक्नु पर्ने र पारिवारिक समस्यामा पर्ने गरेको उनले बताइन् । अब समूहमा बसेर ऋण लिनमात्र होइन सम्पत्तिमाथि अधिकार दिलाउने काममा लाग्न जरुरी रहेको उनको भनाइ थियो ।

नगरप्रमुख लामाले ऋण मात्र लगानी गर्नेभन्दा पनि रोजगारी दिने काममा पनि जोडिन आवश्यक रहेको बताइन् । उनले सहकारी आर्थिक कारोबारमा मात्र केन्द्रित रहेको भन्दै अब सामाजिक काममा पनि जोडिन जरुरी रहेको औंल्याइन् । उनले भनिन- ‘टोल, गाउँ सफा बनाउने अभियानमा उपमहानगर लागेको छ अब सहकारीमा आवद्ध सबै लाग्न जरुरी रहेको बताइन् ।

## मेयर लामाको...

सम्पति विवरणअनुसार ससुरा कान्छा लामाको नाममा हेटौंडा-१ चाइनाक्वाटरमा ११ धुर घडेरी, सासु सानुमैयाको नाममा सवा १० धुर घडेरी, सवा ६ धुर घडेरी र ससुरा कान्छा लामाको नाममा ११ रोपनी जमिन रहेको छ ।

छोरा सुमित लामाको नाममा २ लाख ५० हजार बराबरको एउटा मोटरसाइकल रहेको उल्लेख छ । लामाको एक छोरा र एक छोरी छन् । उनका व्यवसायी श्रीमान् सुनबहादुर लामाको नाममा ४० लाख बराबरको ट्याङ्कर रहेको सम्पति विवरणमा उल्लेख छ । श्रीमानकै नाममा कृषि विकास बैंकमा ४० लाख ऋण रहेको उनले जनाएकी छन् । स्थानीय सरकार सञ्चालन ऐन-२०७४ बमोजिम जनप्रतिनिधिले पदधारण गरेको र प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिनभित्र आफ्नो र परिवारको सदस्यको नाममा रहेको चलअचल सम्पत्तिको स्रोत वा निस्सासहितको अद्यावधिक विवरण तोकेको ढाँचामा स्थानीय तहमा पेश गर्नुपर्नेछ ।

जिल्लाकै अन्य स्थानीय तहका जनप्रतिनिधिले सम्पति विवरण सार्वजनिक गरेका छैनन् । २०७४ मा निर्वाचित अधिकांश जनप्रतिनिधिहरुले पनि सम्पति विवरण सार्वजनिक गरेका थिएनन् । प्रत्येक आर्थिक वर्षपछि सम्पत्ति विववरण सार्वजनिक गर्ने काम हालसम्म जनप्रतिनिधिले कार्यान्वयन गरेको पाइएको छैन ।

# चोरीको मोटरसाइकलसहित २ जना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ९ साउन/ मकवानपुर प्रहरीले चोरीको २ वटा मोटरसाइकलसहित २ जनालाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको प्रहरी टोलीले चोरी भएको २ वटा मोटरसाइकलसहित २ जनालाई पक्राउ गरेको हो । हेटौंडा-१० बसपार्कमा सवारीसाधनहरु रोकी सुरक्षा जाँच गर्ने क्रममा २ जनालाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । प्रहरीले बागमती प्रदेश ०२-०१९ प १४७१ नम्बरको २०० सीसीको बजाज पल्सर एनएस मोटरसाइकल र चालक मकवानपुरको बागमती गाउँपालिका-२ राईगाउँका २३ वर्षीय बिछोड लामा र बागमती प्रदेश ०२-०३६ प ९९१६ नम्बरको २२० सीसीको पल्सर मोटर साइकलसहित बकैया गाउँपालिका-२ का ३३ वर्षीय तीर्थमान लामा भोलनलाई नियन्त्रणमा लिएको मकवानपुर प्रहरीले जनाएको छ ।

# संक्रामक रोगहरुको जोखिम बढ्यो: स्वास्थ्यमन्त्री लामा

साझाकुरा संवाददाता

हेटौंडा, ९ साउन/ बागमती प्रदेशका स्वास्थ्य मन्त्री निमा लामाले संक्रामक रोगहरुको जोखिम बढेको बताएका छन् ।




सोमबार बागमती प्रदेश सभाको बैठकमा सार्वजनिक महत्वको विषयमा बोल्दै मन्त्री लामाले पछिल्लो समय देशभर कोरोना भाइरस कोभिड-१९ को संक्रमण संगै अन्य संक्रामक रोगहरुको जोखिम पनि बढेको बताएका हुन् । उनले पछिल्लो दिनहरुमा प्रदेशमा दैनिक २ सय ३४ जनामा कोरोना संक्रमण भइरहेको भन्दै सचेत रहन आग्रह गरे । ‘पछिल्लो समय कोभिड-१९ को नयाँ भेरियन्ट ओमिक्रोनको नयाँ उप-प्रजातिहरू विश्वव्यापीरुपमा फैलिदै गएसंगै नेपालमा पनि यसको संक्रमण दर बढिरहेको छ ।

बागमती प्रदेशमा दोश्रो लहरपश्चात् दैनिक नयाँ संक्रमितको संख्या घट्दै २० जनाको हाराहारीमा पुगेको अवस्थाबाट हाल पुन: संक्रमण बढ्दै श्रावण ८ गतेको दिनमा आइपुग्दा दैनिक २३४ जना नयाँ संक्रमित पुष्टि भएको छ । मन्त्री लामाले भने, कोभिडको कारणले मानवीय क्षतिका साथै आर्थिक, सामाजिकलगायतका क्षेत्रमा विश्वव्यापीरुपमा अनगिन्ती क्षति पुऱ्याइरहेको कुरा सर्वविदितै छ । यसको रोकथामको लागि संघीय सरकार संगको समन्वयमा बागमती प्रदेश सरकारले कोभिड बिरुद्धको खोप अभियानलाई तीव्ररुपमा अगाडि बढाइरहेको छ ।’ मन्त्री लामाले संक्रमण दर नियन्त्रण गर्नको लागि प्रदेश सरकारले संघीय सरकारसंगको समन्वयमा कोभिड बिरुद्धको खोप अभियान तीव्ररुपमा सञ्चालन गरिरहेको बताए ।

यसैगरी, मन्त्री लामाले विश्व स्वास्थ्य संगठनले मन्कीपक्स रोगलाई अन्तर्राष्ट्रिय जनस्वास्थ्य आपतकाल घोषणा गरेको बताउँदै नेपालमा पनि उक्त रोग आउन सक्ने भन्दै तयारी अवस्थामा रहन आवश्यक रहेको बताए । मन्त्री लामाले प्रदेशमा गर्मी तथा वर्षा याममा देखापर्ने संक्रामक रोगहरुको पनि जोखिम रहेको बताए । उनले हालै काठमाडौं उपत्यका तथा अन्य केहि शहरहरुमा झाडापखालाको प्रकोप देखिएको र परीक्षणको क्रममा हैजा समेत देखिएको बताए ।

उनले पछिल्लो जानकारी अनुसार ३४ जनामा हैजा देखिएकोमा ५ वर्षसम्मका बालबालिकाहरु ३ जना रहेको बताए । मन्त्री लामाले प्रदेशमा विगत केहि वर्षदेखि नेपालमा डेंगु, स्क्रब-टाइफस आदि रोगहरु फैलँदै आएकोले यो वर्ष पनि यी रोगहरु फैलने सम्भावना रहेको बताए । उनले संक्रामक सरुवा रोगहरुको समयमै पूर्वतयारीका साथ रोकथाम तथा नियन्त्रणका उपायहरु अपनाउनुपर्ने बताए ।

# बसामाडी जेसीजले हाम्रो घरलाई दियो खाद्यान्न




साझाकुरा संवाददाता

हेटौंडा, ९ साउन/ बसामाडी जेसीजको सप्ताहव्यापी कार्यक्रमअन्तर्गत् सोमबार हाम्रो घर बालगृह हेटौंडा-५ लाई खाद्यान्न सहयोग गरिएको छ ।

बसामाडी जेसीजले आफ्नो सप्ताहव्यापी कार्यक्रमअन्तर्गत् सोमबार हेटौंडा-५ सिँचाईटोलमा रहेको हाम्रो घरलाई खाद्यान्न सहयोग गरेको हो । बसामाडी जेसीजका अध्यक्ष चिराग अग्रवालको अध्यक्षता तथा हेटौंडा उपमहानगरका प्रवक्ता एवम् वडा नं. १ का अध्यक्ष सविन न्यौपानेको प्रमुख अतिथ्यतामा कार्यक्रम भएको थियो । जेसीजले हाम्रो घरका संरक्षक इन्दिरा न्यौपानेलाई खाद्यान्न हस्तान्तरण गरेको कार्यक्रमको संयोजक निरज अर्याललले जानकारी दिए ।

आइतबारबाट सुरु भएको जेसीज सप्ताह कार्यक्रममा वडा नम्बर २ का वडा अध्यक्ष विष्णुगोपाल महर्जनको प्रमुख अतिथ्यतामा वनस्खण्डी मन्दिरमा दीप प्रज्जवलन गरी कार्यक्रमको समुद्घाटन गरिएको थियो ।

जेसीज सप्ताह कार्यक्रममा श्रावण १४ गतेसम्म सञ्चालन हुनेछ । आज मंगलबार विहान अन्तर जेसीज फुटसल कार्यक्रम गरिने शाखा अध्यक्ष अग्रवालले जानकारी दिए ।

# बागमती प्रदेश सभाको दशौं अधिवेशन अन्त्य

साझाकुरा संवाददाता

हेटौंडा, ९ साउन/ बागमती प्रदेशसभाको दशौं अधिवेशन अन्त्य भएको छ ।

प्रदेश प्रमुख यादवचन्द्र शर्माले प्रदेश सरकारको सिफारिसमा प्रदेशसभाको दशौं अधिवेशन सोमबार राति १२ बजेदेखि लागू हुने गरी अन्त्य गरेका हुन् । दशौं अधिवेशनले प्रदेश सरकारको चालु आर्थिक वर्ष नीति, कार्यक्रम तथा बजेट पारित गरेको थियो ।

सोमबार एक सूचना जारी गर्दै प्रदेशसभा सचिवालयका सचिव कृष्णहरि खड्काले प्रदेश सभाको दशौं अधिवेशन अन्त्य भएको जानकारी दिए ।

दशौं अधिवेशनको अन्त्यसँगै बागमती प्रदेशसभाका सभामुख सानुकुमार श्रेष्ठ र उपसभामुख राधिका तामाङले मंगलबार दिउँसो पत्रकार सम्मेलनको आयोजना गर्दै छन् ।

सम्मेलन मंगलबार दिउँसो २ बजे प्रदेशसभा सचिवालयमा आयोजना गर्न लागिएको जनाइएको छ ।

# प्रदेश युवा परिषद्ले अन्तर्राष्ट्रिय युवा दिवस मनाउने

साझाकुरा संवाददाता

हेटौंडा, ९ साउन/ बागमती प्रदेशको प्रदेश युवा परिषद्ले *अन्तरपुस्ता ऐक्यबद्धता: सबै उमेर समूहमैत्री विश्व निर्माणमा साझा प्रतिबद्धता* भन्ने मूल नाराका साथ अन्तर्राष्ट्रिय युवा दिवस मनाउने भएको छ ।



सोमबार अन्तर्राष्ट्रिय युवा दिवस मनाउने सन्दर्भमा सरोकारवालाहरु बीच छलफल भएको थियो । सोमबार बसेको अन्तर्राष्ट्रिय युवा दिवस मूल समारोह तयारी बैठकले विगतका वर्षहरुमा जस्तै यही साउन २७ गतेका दिन युवाका क्षेत्रमा कार्यरत् व्यक्ति, संस्था र सम्पूर्ण सरोकारवालाहरुको सहभागितामा अन्तर्राष्ट्रिय युवा दिवस २०२२ मनाउने निर्णय गरेको हो ।

प्रदेशका युवा तथा खेलकुद मन्त्री एवम् प्रदेश युवा परिषद्का अध्यक्ष रतनप्रसाद ढकालको अध्यक्षतामा बसेको बैठकले युवा दिवस मनाउनका लागि १०१ सदस्य मूल समारोह समिति गठन गरेको छ । बैठकले सप्ताहव्यापी यो दिवस मनाउने निर्णय गरेको प्रदेश युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईंले जानकारी दिए । बैठकले वृक्षारोपण, प्रभातफेरी कार्यक्रम, रक्तदान, खुल्ला साइक्लिङ, पदयात्रा, सरसफाई, अन्तर्क्रियालगायतका कार्यक्रम गर्ने निर्णय गरेको चौलागाईंले बताए ।

मन्त्री ढकालको अध्यक्षतामा गठन गरिएको मूल समारोह समितिमा प्रदेश युवा परिषद्का पदाधिकारी तथा सदस्यरु, जिल्ला युवा समितिका अध्यक्षहरु, विभिन्न संघसंस्थाका प्रतिनिधिहरुको सहभागिता रहने छ ।

# कोभिडका संक्रमित बढ्दै

साझाकुरा संवाददाता

हेटौंडा, ९ साउन (रासस)/ मुलुकमा दुई हप्ता अघिदेखि कोभिड संक्रमण पुन: बृद्धि भइरहेको छ । मुलुकबासीले स्वास्थ्य मापदण्ड पालना गर्न कम गरेसँगै सो संक्रमणका बिरामी थप बढ्दै गइरहेका हुन् ।

बागमती प्रदेशभित्र कोभिडका बिरामीको संख्या उच्च देखिएको ईपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका प्रमुख डा. चुमनलाल दासले बताए ।

उनले भने, ‘यस्ता संक्रमणका बिरामी बागमती प्रदेशका १३ जिल्लामध्ये काठमाडौं उपत्यकामा उच्च रहेका छ ।’

प्रदेश नं १ मोरङमा पनि कोभिडका बिरामी बढ्दै गइरहेकाले महामारीलाई मध्यनजर गरी भीडभाड नगर्न तथा सभा अनि सम्मेलन एवम् गोष्ठीमा भाग नलिनाका साथै स्वास्थ्य मापदण्ड पालना गर्न मुलुकवासीलाई दासले अनुरोध गरे ।

मुलुकमा कोभिडका बिरामी बढेसँगै आफूहरुले सो महामारी निदानका लागि दुई हजार ८०० को हाराहारीमा आईसीयू तथा एक हजार २७ भेन्टिलेटर एवम् १५ हजार अक्सिजन सिलिण्डरका साथै १३२ अक्सिजन प्लान्टको जोहो गरिसकेको दासले जानकारी गराए ।

“कोभिड कारण आर्थिक हानीमात्रै होइन् ज्यान जाने र केही मुलुकवासीमा मानसिक समस्या देखिएको छ, मुलुकवासी ४३ प्रतिशतमा डिप्रेशन तथा ३३ प्रतिशतमा चिन्ता र २९ प्रतिशत विद्यार्थीमा भने बढी निन्द्रा लाग्ने समस्या भेटिइरहेको छ’, उनले थपे ।

**३४ हैजाका बिरामी**

मुलुकमा कोभिड महामारीसँगै ३४ जना हैजाका बिरामी भेटिएका सो शाखाका प्रमुख डा. खगेश्वर गेलालले बताए । उनले भने, ‘हैजाका बिरामी काठमाडौं उपत्यकामा दुई र नुवाकोटमा ३२ गरी ३४ भेटिएका छन् ।’ दुईदेखि ६९ वर्ष उमेर समूहका २० पुरुष र १४ महिलामा सो समस्या देखिँदा खानेपानी तथा सरसफाईमा विचार पुऱ्याउन जरुरी रहेको गेलालले जानकारी गराए ।

**हवाइ यात्रा र नाकामा कडाइको व्यवस्था**

मङ्कीपक्स विदेशी ७० मुलुकमा फैलिँदै गइरहेकाले मुलुकको हवाई यात्राका साथै नाकामा पनि कडाइको व्यवस्था हुनुपर्ने स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका नीति, योजना तथा अनुगमन महाशाखाका प्रमुख डा. कृष्णप्रसाद पौडेलले बताए । उनले भने, ‘छिमेकी मुलुक भारतमा मङ्कीपक्स तीन केशका बिरामी देखिएकाले नेपालमा पनि स्वास्थ्य सावधानी अपनाउन अनुरोध गरिन्छ ।’ मङ्कीपक्स हालसम्म भने नेपालमा पुष्टि भइसकेको छैन तर, विदेश यात्रा गर्दा र विभिन्न नाकाबाट नेपाल भित्रिँदा स्वास्थ्य सावधानी नअपनाए छिट्टै नेपालमा भित्रिन सक्ने चेतावनी पौडेलले दिए ।

# विभुषण सिफारिस तथा सम्मान सम्बन्धी विधेयक स्वीकृत



साझाकुरा संवाददाता

हेटौंडा, ९ साउन/ बागमती प्रदेशको प्रदेशसभा बैठकबाट विभुषण सिफारिस तथा सम्मान र पदक सम्बन्धी ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक सर्वसम्मतीले स्वीकृत भएको छ ।

सोमबार बसेको प्रदेशसभा बैठकले विभुषण सिफारिस तथा सम्मान र पदक सम्बन्धी ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक सर्वसम्मतिले स्वीकृत गरेको हो । सभामा उक्त विधेयकमाथि प्रदेश मामिला समितिले तयार पारेको प्रतिवेदन समितिका सभापति माधव प्रसाद पौडेलले पेश गरेका थिए । यस्तै, विधेयक पारित गरियोस् भन्ने प्रस्ताव आन्तरिक मामिला तथा कानून मन्त्री कृष्णप्रसाद खनालले सभामा पेश गरेका थिए । प्रदेशसभा बैठक अर्को सूचना सार्वजनिक नभएसम्मको लागि स्थगित भएको छ ।

**कर्मचारी आवश्यकता**

यस एभोकाडो तथा अर्किड रिसोर्ट प्रा.लिलाई १ जना रेष्टुरेन्ट मेनेजर र १ जना बैंकेट मेनेजर आवश्यकता परेको हुँदा उक्त पदमा कम्तिमा २ वर्षको अनुभव भएकाले तुरुन्त सम्पर्क गर्नुहोला ।

**सम्पर्क**

**एभोकाडो तथा अर्किड रिसोर्ट**

orchid.hetauda@gmail.com

०५७-५२०४२९, ५२०२३५

**मोटरसाइकल हरायो**

निम्न व्यहोराको मोटरसाइकल २०७९ साल साउन ०८ गते हेटौंडा-५ लट्टीनाथमार्ग स्थित अगाडी पार्किङ्ग गरिरहेको अवस्थाबाट दिउँसो १२:०० बजेदेखि १२:३० बजेको बिचमा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा खबर गरिदिनु हुन अनुरोध गरिन्छ ।

**मोटरसाइकल नम्बर:** बा प्र-००३-००२ प १८६५
**मोटरसाइकल धनीको नाम:** दिपेश ढुंगाना
**मोटसाइकलको ब्राण्ड (नाम):** बजाज, NS २०० सीसी
**मोटरसाइकलको रंग:** सेतो
**मोटरसाइकल बनेको वर्ष:** २०२०
**चेचिस नम्बर:** MD2A36FY2KCG99173
**इन्जिन नम्बर:** JLYCKG15980
**सम्पर्क फोन नम्बर:** ९८४५२८९११८

**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |


Experience, Performance, Dedication and Professionalism will be taken into consideration. Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

**प्रोपाईटर:** बिनोद शाही
☎ ९८४५०२२५३१, ९८१७२२४३६२

**विक्की फ्रेस मिट शप**

हेटौंडा-२, चौकीटोल

हामीकहाँ लोकल तथा ब्रोइलर कुखुराको मासु, खसीको मासु, बंगुरको मासु, राँगाको मासु पाउनुको साथै जीउँदो माछा पनि पाईन्छ ।




**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**
हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७७१६६४, ९८५५०३१६६४